
# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष ६ अङ्क १८ पूर्णाङ्क २५६ | २०७८ कात्तिक ८ गते सोमबार | Monday, 25 Oct., 2021 | पृष्ठ ८ | मूल्य रू. १०।-


## ने.क.पा.(क्रान्तिकारी माओवादी) केन्द्रीय सल्लाहकार समिति सदस्य, कमरेड चुडामणी बरालको निधनमा पार्टीद्वारा श्रद्धाञ्जली अर्पण



काठमाडौं। झापा जिल्ला दमक न.पा.-६ निवासी ने.क.पा.(क्रान्तिकारी माओवादी ) केन्द्रिय सल्लाहकार समिति सदस्य कमरेड चुडामणी बरालको यही आस्विन ३ गते दुखःद निधन भएकोछ। उहाँको उक्त दुःखद निधनप्रती ने.क.पा.(क्रान्तिकारी माओवादी ) केन्द्रीय समितिको तर्फबाट पार्टीका प्रवक्ता प्रतिकव्दारा एक प्रेस-वक्तव्य प्रकाशित गरिएको छ, जसको पूर्ण पाठ निम्नअनुसार छ :

प्रेस-वक्तव्य

हाम्रो पार्टीका केन्द्रीय समितिका सल्लाहकार कमरेड चुडामणी बरालको बी पी मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचारको क्रममा यही २०७८ कार्तिक ३ गते बाँकी २ पेजमा

## बाढी-पहिरोको कहर

# राहत र पुनर्वासमा सरकारी उदासिनता



काठमाडौँ। कात्तिक १ गतेयता परेको बेमौसमी वर्षातका कारण मुलुकभर ११७ जना नागरिकले ज्यान गुमाएका छन् भने ३४ जना अझै बेपत्ता छन्। बाढी पहिरोमा परी ४१ जना घाइते भएका छन् भने सडक तथा पुलहरू मात्रै १ अर्ब ५ करोड बराबरको क्षति पुगेको छ। वर्षाले १८ वटा राजमार्गका २४४ ठाउँमा बन्द भएको, तीमध्ये अझै केही खुल्न बाँकी रहेको सडक विभागले जनाएको छ। मनाङ, बाजुरा, बझाङलगायतका राजमार्ग अझै अवरुद्ध छ। बर्षभरि खाने अन्नको रूपमा भित्र्याउने बेला भएको धान बालीमा पुगेको क्षतिको मूल्यांकन त हुनै बाँकी छ। प्रहरीको तथ्यांक अनुसार उक्त बाढी-पहिरोका कारण प्रदेश- १ मा ६९ जनाको मृत्यु भएको छ भने सुदूरपश्चिममा ३४ जनाले ज्यान गुमाएका छन्। यसैगरी कर्णाली प्रदेशमा ७ जना र लुम्बिनीमा ४ जनाले ज्यान गुमाएका छन्।

सरकारले अविरल बर्षाका कारण आएको बाढी-पहिरोबाट मृत्यु भएका परिवारलाई तत्काल आर्थिक सहयोग दिने घोषणा गरे पनि पीडितहरूले एक हप्ता बितिसक्दा पनि आवश्यक राहत नपाएको गुनासो गरिरहेका छन्। मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले बाढी-पहिरोका कारण मृत्यु भएकाका परिवारलाई २ देखि ४ लाखसम्म आर्थिक सहयोग दिने निर्णय गरेको थियो। सरकारले एकै घरमा एक जनाको मृत्यु भएको भएमा २ लाख, २ जनाको भए ३ लाख र ३ जनाको मृत्यु भएको भएमा ४ लाख दिने निर्णय गरेको छ

त्यसै गरी, सरकारले बाढी-पहिरोबाट घर भत्केकाहरूको घर निर्माणका लागि ५ लाख रुपियाँसम्म आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको छ। मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार पहाडमा घर बनाउन ४ लाख, हिमालमा ५ लाख र तराईमा ३ लाख रुपियाँ उपलब्ध गराउने निर्णय भएको छ। बाढी-पहिरोबाट कृषि बालीलगायतका क्षतिका सन्दर्भमा आवश्यक बाँकी ३ पेजमा

## अस्पताल भर्नाको ८ दिनपछि आइतबार महासचिव किरण डिस्चार्ज



काठमाडौं। श्वासप्रश्वासमा समस्या भएपछि असोज ३१ मा नर्भिक अस्पताल भर्ना हुनु भएका नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य बाँकी २ पेजमा

## बाढी पहिरो पीडितहरुलाई उचित र आवश्यक सहयोग गर्न सरकारसँग पार्टी प्रवक्ता प्रतीकद्वारा जोडदार माग

काठमाडौं। विगत पाँच दिनदेखिको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुबानमा परी ९२ जना सर्वसाधारण नागरिकको मृत्यु भएको छ, दर्जनौ घरहरू पुरिएका छन्, २७ जना नागरिक वेपत्ता भएको खबर छ, कैयौं घाइते भएका छन्। हजारौं हेक्टर जमिनमा लगाइएको धानबाली नष्ट भई किसानहरू बिचल्लीमा परेका छन्। यस्तो अवस्थामा नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय प्रवक्ता प्रतीकव्दारा बाढी पहिरोका पिडीतहरूप्रति सरकारले यथाशिघ्र उचित र आवश्यक सहयोग गर्न सरकारसँग जोडदार माग गर्दै प्रेस-वक्तव्य प्रकाशित गरिएको छ। प्रेस-वक्तव्यको पूर्ण पाठ तल दिइएको छ :


**प्रेस-वक्तव्य**

गत आइतबारदेखि भएको बेमौसमी वर्षाका कारण बाढी तथा पहिरोबाट देशभर जन धनको ठुलो क्षति हुन गएको छ। अहिलेसम्म ९२ जना बाँकी २ पेजमा

## बाढी, पहिरो र डुबान पीडितलाई अविलम्ब राहत र सहयोग उपलब्ध गराउन देजमो अध्यक्ष सीपी गजुरेलद्वारा केन्द्र, प्रदेश र स्थानीय तहका सरकारहरुसँग जोडदार माग

काठमाडौं। विगत पाँच दिनदेखिको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुबानमा परी करीव १०० जनकाको मृत्यु भएको छ भने कैयौ बेपत्ता र घाइते भएका छन्।

यो पटकको बर्षाले र त्यसबाट उत्पन्न परिस्थितिबाट किसानले धानमा ठूलो क्षति भोगेका छन्। सरकार यो पटकपनि समयमा नै भारी बर्षको सूचना दिन चुकेको छ। यसै सन्दर्भलाई लिएर देजमो अध्यक्ष सीपी गजुरेलव्दारा केन्द्र, प्रदेश र स्थानीय तहका सरकारहरूसँग जोडदार माग गर्दै निम्नलिखित प्रेस बक्तब्य प्रकाशित गरिएको छ।



## चार किसान संगठनको संयुक्त प्रेस बक्तब्य

काठमाडौं। विगत पाँच दिनदेखिको अविरल वर्षाका कारण आएको बाढी, पहिरो र डुबानमा परी करीव १०० जनकाको मृत्यु भएको छ भने कैयौ बेपत्ता र घाइते भएका छन्।

यो पटकको बर्षाले र त्यसबाट उत्पन्न परिस्थितिबाट किसानले धानमा ठूलो क्षति भोगेका छन्। सरकार यो पटकपनि भारी बर्षको सूचना दिन चुकेको छ। लुम्बिनीमा मात्रै ३६ हजार हेक्टरमा काटेको धान डुबानमा परेको छ

यसै सन्दर्भलाई लिएर नेपालका चार किसान संगठनले निम्नलिखित संयुक्त प्रेस बक्तब्य प्रकाशित गरेका छन् :

संयुक्त प्रेस बक्तब्य

नाफा केन्द्रित प्रकृति बिरोधी साम्राज्यबादी बिकास मोडेलका कारण उत्पन्न भएको जलवायु परिबर्तनले गर्दा बेमौसमी बर्षा, भीषण गर्मी, भयंकर आँधी र मरुभूमिकरणले आज बिश्व नै त्राहीमाम हुँदै जान थालेको छ। यस प्रकार प्रकृतिको जथाभावी निर्मम दोहनले गर्दा आज बाढी, पहिरो, डुबान, कटान र अपूर्ब रोगब्याधी आदिले नेपालमा पनि नराम्रोसँग जन धनको क्षति हुदै आएको छ।

यसै प्ररिप्रेक्षमा अहिले बितेको ३/४ दिनदेखिको नेपालब्यापी अबिरल बेमौसमी भीषण बर्षा र त्यसले उत्पन्न गरेको बाढी, पहिरो, डुबान र कटानले गर्दा देशमा ठूलो धन जनको क्षति भएको छ। बाटो र पुल पुलेसा भत्किएर आवात जावत बन्द भएको छ। यसबाट सबैभन्दा बढी बाँकी ३ पेजमा

## कालीकोटबाट नेकपा माओवादी केन्द्र र एमाले पार्टी परित्याग गरि ने.क.पा.( क्रान्तिकारी माओवादी)मा प्रवेश

काठमान्डौ। ने.क.पा.( क्रान्तिकारी माओवादी) पार्टी कार्यालय कुपोन्डोल काठमाडौमा नेकपा एमाले पार्टी परित्याग गरि पचालझर्ना गाउँपालिका वडा न ४ का नेत्रराज शाही ने.क.पा.( क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन्। त्यसैगरी सोही गाउँपालिका २ न. वडाका जगदीश तिरुवा वडा न.५का सुर्य बिक र तिलागुफा नगर पालिका वडा न ८ का रबिन्द्र बिकले माओवादी केन्द्र परित्याग गरि ने .क




.पा.(क्रान्तिकारी माओवादी)मा प्रवेश गरेकाछन। कालिकोट जिल्ला सेक्रेटरी कर्ण बिसि र अखिल (क्रान्तिकारी) का केन्द्रिय सदस्य नेत्र बहादुर शाही ले नयाँ आगन्तुकलाइ बधाई तथा स्वागत गर्दै अविर र खादा लगाएर पार्टी प्रवेश गराएका थिए।

उक्त कार्यक्रममा अखिल क्रानितकारी कालीकोट जिल्ला अध्यक्ष लक्ष्मण विक र काठमान्डो सिटीभिटी संयोजक नर ब कुमाल, देजमो जिल्ला सदस्य एवम् पत्रकार सुन्दर योगी र अखिल क्रीनतकारीका हिकाष्ट संयोजक लक्ष्मण बमको पनि उपस्थिति थियो

## दर्शनशास्त्रको स्वरुपबारे

***दर्शनशास्त्रको मौलिक प्रश्न, दर्शनशास्त्रको सिद्धान्त, आदर्शवाद र भौतिकवादबारे, दर्शनशास्त्रको पद्धति : द्वन्द्ववाद र अधिभूतवादबारे दर्शनशास्त्रको महत्व जस्ता अत्यन्तै महत्वपूर्ण दार्शनिक प्रणालीबारे आधारभूत रूपमा प्रस्ट पार्ने प्रयत्न गरिएको छ***



● हस्तबहादुर केसी ●

'दर्शन त्यतिबेला मात्रै जन्मन्छ जब वर्गसंघर्ष चल्छ। जग वर्गसंघर्ष नै हो। त्यसपछि मात्रै दर्शनको अध्ययनको कुरा आउँछ। कसको दर्शन ? बुर्जुवा कि सर्वहाराको दर्शन ? सर्वहाराको दर्शन मार्क्सवादी दर्शन हो।'

- माओ त्सेतुङ, माओका दुर्लभ रचनाहरू, पृष्ठ ९१, खोजी प्रकाशन गृह, काठमाडौँ, २०६४

यहाँ दार्शनिक फाँटमा दर्शनशास्त्रको स्वरूपअन्तर्गत दर्शन भनेको के हो ? दर्शनशास्त्रको मौलिक प्रश्न, दर्शनशास्त्रको सिद्धान्त, आदर्शवाद र भौतिकवादबारे, दर्शनशास्त्रको पद्धति : द्वन्द्ववाद र अधिभूतवादबारे दर्शनशास्त्रको महत्व जस्ता अत्यन्तै महत्वपूर्ण दार्शनिक प्रणालीबारे आधारभूत रूपमा प्रस्ट पार्ने प्रयत्न गरिएको छ।

*(१) दर्शन के हो ?*

दर्शन के हो भन्ने कुरा बुझ्नु भन्दा पहिले दर्शनको जन्म वा विकास कहिले भयो ? भन्ने कुरा जान्नुपर्ने हुन्छ।

मानव जातिको इतिहासमा उत्पादनका निम्ति संघर्ष , वैज्ञानिक प्रयोग र वर्गसंघर्षका बीचबाट दर्शनको जन्म भएको हो। दासस्वाामि समाज अर्थात् दासयुगिन समाजको विकासप्रक्रियाका बीचबाट प्राचीन युनान भारत र चीनमा दर्शन विकास हुँदै आएको पाइन्छ।

वास्तविक कुरा के हो भने विश्व अर्थात् प्रकृति र मानव समाजको जन्म कसरी भयो ? यी आफै बाँकी ७ पेजमा

## सम्पादकीय

### प्रधानन्यायाधीश फर्ने कि व्यवस्था ?

अहिले प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराका कारण न्यायालयको साख गुमेको, न्यायालयलाई भ्रष्ट, नालायक र निकम्मा अर्थात् बद्नाम बनाएको आरोप लागेको छ । सरकारमा भाग खोजेको, संवैधानिक नियुक्तिमा भाग खोजेर आफ्नालाई पठाएको तथा राजनीतिक दलसँग ब्ल्याकमेल गरेको आरोप उनले खेपिरहेका छन् । आफूलाई फाइदा पुग्ने केही मुद्दा आफू अनुकुलका न्यायाधीशका बेन्चमा पारेर आदेश वा फैसला गराएको आरोप पनि उनीलाई लागिरहेको छ । पछिल्लो समय माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड र चोलेन्द्रबीच भेटघाट भएको विषयले पनि चर्चा पाइरहेको छ । केही दिनअघि बालुवाटारमा सत्तारुढ दलका नेताहरूले छलफल गरेलगत्तै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले प्रधानन्यायाधीशको निवासमै गएर भेटघाट गरेका थिए । सर्वोच्चका पूर्व न्यायाधीशहरूको फोरमले प्रधानन्यायाधीश चोलेन्द्र शम्शेरको सार्वजनिक रूपमा राजिनामा मागिसकेको छ । राजिनामा नदिए महाअभियोग लगाएर हटाउनु पर्ने माग गरेका छन् ।

यतिखेर कार्यपालिका र व्यवस्थापिका जस्तै न्यायालय पनि भ्रष्टहरूको अखडामा परिणत भएको, अदालतले गर्ने न्याय सम्पादन सत्ता र शक्तिबाट प्रभावित हुने गरेको, पैसा र पहुँच नहुनेले न्याय पाउने स्थिति नरहेको भन्दै नेपालको संसदीय राजनीतिक इतिहासमै अदालतको सर्वाधिक आलोचना भइरहेको छ । यो सबै हुनुमा एक्लो प्रधानन्यायाधिश चोलेन्द्र शम्शेर जबरालाई दोषी करार गरिरहेका छन् । उनलाई हटाउन सकियो भने अदालत स्वतन्त्र, सक्षम, निष्पक्ष रूपमा कार्यसम्पादन गर्न सक्षम हुन्छ भन्ने तर्क गरिरहेका छन् । तर वास्तविकता के हो भने अदालत यसरी भ्रष्ट, नालायक, निकम्मा र बद्नाम हुनुमा कार्यपालिका, व्यवस्थापिकाका सञ्चालकहरूको प्रमुख हात रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने संसदीय व्यवस्था भनेको भ्रष्ट व्यवस्था हो । यो मुठ्ठिभर दलाल शासकवर्गहरूको स्वार्थ रक्षा गर्ने व्यवस्था हो । यो जनविरोधी र राष्ट्रविरोधी व्यवस्था हो ।

जसरी हिजो ट्रान्सपरेन्सी इन्टरनेश्नलले तत्कालीन प्रधानमन्त्री केपी ओलीलाई भ्रष्टचारीहरूको नाइके भनेर निष्कर्ष निकालेको थियो आज न्यायालयभित्र पनि प्रधानन्यायाधीश चोलेन्द्र शम्शेरलाई पनि भ्रष्टाचारीहरूको नाइकेको रूपमा चरितार्थ गरिएको छ । संसदीय व्यवस्थाका मतियार सबै राजनीतिक पार्टी, व्यक्ति र निकायहरू कोही पनि भ्रष्टाचार, कमिसनबाट चोखा छैनन् । व्यवस्था नै भ्रष्ट भएपछि प्रात्रलाई दोषी करार गर्नुको कुनै तुक छैन । भ्रष्टाचार, कमिसनको संस्थागत जालो तोड्नका लागि व्यवस्थामा आमूल परिवर्तनको खाँचो छ । पात्र फेरेर समस्याको समाधान हुँदैन भन्ने कुरा ओलीको ठाउँमा देउवा आएपछिका घटनाक्रमलाई मात्र हेरे पनि पुग्छ ।

खराबी व्यक्तिमा होइन, व्यवस्थामा छ । संसदीय व्यवस्थालाई ध्वस्त पारेर जनताको निगरानी, नियन्त्रण र हस्तक्षेपलाई अनिवार्य पद्धतिको रूपमा संस्थागत अभ्यास गर्ने राजनीतिक प्रणालीको स्थापना नगरेसम्म राज्यका सबै अंग र निकायहरू यसरी नै भ्रष्ट, नालायक, निकम्मा र बद्नाम हुँदै जान्छन् । यो व्यवस्थाको अनिवार्य परिणति हो ।

तसर्थ, हरेक सचेत नेपाली नागरिकहरूले अब सिंगो संसदीय व्यवस्थालाई फालेर जनताको नयाँ जनवादी व्यवस्था स्थापनाका निम्ति बहस छेड्न र पहलकदमी लिन जरुरी भइसकेको छ । राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको रक्षा, जनअधिकार र जनताका जनजीविकाका समस्याहरूको समग्र समाधानका लागि देशमा संघीय जनगणतन्त्रको स्थापना अपरिहार्य बनेर गएको छ । त्यसतर्फ सच्चा देशभक्त, वामपन्थी र क्रान्तिकारी शक्तिले ठोस परिस्थितिको ठोस विश्लेषण गर्दै ऐतिहासिक पहलकदमी लिन अपरिहार्य भइसकेको छ ।


परिवर्तनको सम्वाहक



सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं।

www.moolbato.com


# क्रान्तिकारी आन्दोलन–आमजनताको आन्दोलन

*देशको वर्तमान स्थितिमा राष्ट्रिय स्वाधिनताको रक्षा गर्नुको सँगै जनतन्त्रको लागि क्रान्तिकारी आन्दोलन (युद्ध) को संगठन गर्नु र आम–जनताको जीवनमा सुधार ल्याउनु हाम्रा यी तिन प्रमुख अभिभारा हुन् । हामी क्रान्तिकारी आन्दोलनका नेता तथा संगठनकर्ता र साथै आम जनताको नेता र संगठनकर्ता पनि हौँ । यस मानेमा हामीभित्र जान–अनजानवस रही आएको नोकरशाही प्रवृत्ति तथा हुकुमवादी सोच (तरिका) लाई हाम्रो वरिपरि कहिं कतै कुना–काप्चामा लुकिछिपि बस्न सक्ने स्थितिसम्मलाई कडाइका साथ निषेध गरी गलहत्याई पठाउनु पर्छ । र आम जनतासँग नङ र मासु झैँ घनिष्टता कायम गरी न्यानो मायाका साथ घुलमेल भई व्यावहारिक तथा ठोस कार्यतरिका अपनाई दुनिया सामू जल्दो बल्दो उद्धाहरण भई उभिनु पर्दछ*



● पुष्प गोपाल श्रेष्ठ ●

नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) लगभग साढे तिन करोड मानिसहरू भएको विश्व-मानचित्रभित्रको एउटा सानो तर महान राष्ट्र नेपालमा, महान क्रान्तिकारी संघर्षको नेतृत्व गर्ने पार्टी हो । यस क्रान्तिकारी पार्टीका नेतृत्वदायी काडरहरूमा योग्यता र राजनैतिक इमान्दारिताले सुसजित हुनु नितान्त जरुरी छ । र यस प्रकारको गुणयुक्त नेतृत्वदायी काडरहरूको व्यापक संख्या बिना यसले आफ्नो ऐतिहासिक अभिभारा (नयाँ जनवादी क्रान्ति) पूरा गर्न सक्दैन । खासमा भन्नुपर्दा महान जनयुद्ध सुरुदेखि यता पच्चिस छबिस वर्षको समयावधिभित्र कम्युनिष्ट पार्टी तथा देशभित्र बितेका राजनैतिक उथल-पुथलले थुप्रै सुयोग्य नेता तथा कार्यकर्ताहरूलाई सैद्धान्तिक एवम् व्यवहारिक राजनीतिक तालिम दिएको छ । जसले गर्दा पार्टीमा राजनैतिक र सांस्कृतिक क्षेत्रमा अज्भ भनुँ सैनिक ज्ञान तथा पार्टीको कार्य र जन-कार्यको क्षेत्रमा काम गर्न सक्ने सुयोग्य काडरहरूको एउटा खाका तयार भएको छ । तर, हाम्रो महान संघर्षको बिशाल लक्ष र उद्देश्य धान्नको निम्ति यो खाका अझै आवश्यक मात्रामा दरिलो भइसकेका छैनन्, सक्षम काडरहरूलाई अझ अरु व्यापक स्तरमा तालिम दिनु जरुरी छ ।

आफुलाई नढाँटी भित्रैदेखि भन्दै आएको कुरा, हाम्रो आत्मागत शक्ति कमजोर छ, हो पक्कै पनि कमजोर छ तर यसरी कमजोर हुनुको पछाडी केही कारण त अवश्य हुनैपर्छ र छ । त्यो कारण भनेको के हो त ? त्यो कारण भनेको पार्टीभित्र लुकी छुपी घुसेका ती प्रतिक्रियावादी, दक्षिणपन्थि अवसरवादी तथा बुजुर्वा क्रान्तिकारीहरूको क्रान्ति विरोधी सोच र तिनका अवाञ्छनीय गतिविधि हुन् । जस्तो कि कुनैपनि जिवानुको सरिरभित्र रोग पालेर त्यो तन्दुरुस्ती हुँदैन र हुन सक्दैन । तन्दुरुस्ती हुन सर्वप्रथम सरिरभित्र रहेको रोगको पहिचान गरी, आवश्यक उपचारको विधि अपनाउनु जरुरी हुन्छ र त्यसपछि बल्ल तन्दुरुस्ती हुँदै आउँछ । त्यसरी नै पार्टीका प्रत्येक जिम्मेवार कामरेडहरू यस मानेमा गम्भिर हुनैपर्छ र जिम्मेवारी पूर्णढङ्गले सोचविचार पुऱ्याई त्यस्ता कुतत्वहरू पार्टीभित्र कतै लुकिछिपी बसेका त छैनन् भनी सुक्ष्मतरिका अपनाई खोजतलास गरी निर्मूल गरी पठाउनु अत्यावसेक छ ।

नेपालमा विकसित राजनैतिक माहोलका आफुलाई मूल नाइके भन्न रुचाउने नेपाली काँग्रेसको पृष्ठभूमिलाई लिएर भन्ने हो भने खुल्लैयाम दलालि प्रवृत्तिमा हुर्की बढी आएको मौजुदा स्थितिले देखाउँदै आएको छ भन्दा फरक नपर्ला । अर्थात वर्तमान स्थितिमा नेपालको राज्यसत्तामा वहालि रही आएका नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाको मक्सद, स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न भू-अखण्ड राष्ट नेपालको स्वाभिमान्ता र सोहार्दता कायम रही आएको गौरवमय इतिहासलाई नष्ट ध्वष्टपारी, अमेरिकी साम्राज्यवादको चाहना अनुरूप अमेरिकी मिलेनियम च्यालेन्ज (एमसीसी) परियोजना हरहालतमा पास गरी नेपाल र नेपाली मात्रको स्वाभिमान्तालाई, अमेरिकी साम्राज्यवादको दासदासी बनाउने घृष्टता अपनाई आफ्नो दलाली प्रवृत्तिलाई प्रश्त्याउँदै एमसीसी परियोजना संसदबाट अनुमोदन गर्न गराउन मरिहत्यगर्दै लागिपर्दै आइरहेका छन् । हुनतः यो एमसीसी परियोजनाको सम्झौता पत्रमा चार वर्ष अघि यी नै शेरबहादुर देउवा नेतृत्वको सरकारका अर्थमन्त्री ज्ञानेन्द्र बहादुर कार्कीले सगौरव आँखा चिम्लेर हस्ताक्षेर गरिभ्याई सकेका छन् । भने अहिले आएर उही एमसीसी सम्झौतालाई संसदबाट अनुमोदन गर्न गराउन, भन्नुनै पर्दा सिंगो पार्टी मौनधारण गरी सभापति शेरबहादुर देउवाको सोच र क्रियाकलाप प्रति एकजुटभई लागिपर्न थालेको छनक अनुभूति हुन आएको छ ।

त्यसो त नेपालका देशभक्त स्वाभिमानी आम नेपाली जनसमुदायसामू यीनिहरूको दलाली हरकत कुने हालतमा पनि सफल हुनेवाला छैन । खासमा भन्नुनै पर्दा यस्ता दलाली प्रवृत्तिका मूल नाइके र त्यसका पिछलग्गुहरू जो कोही किन नहुन् तिनिहरू सबका सबलाई छानीछानी आवश्यक्ता अनुरूप नृशंस तरिका अपनाई देशबाट घोक्रोठयाक लगाई निस्कासित गरी पठाउन, नेपालको गौरवमय इतिहासकारको सन्ततिहरू पछि पर्ने छैनन् ।

देशको वर्तमान स्थितिमा राष्ट्रिय स्वाधिनताको रक्षा गर्नुको सँगै जनतन्त्रको लागि क्रान्तिकारी आन्दोलन (युद्ध) को संगठन गर्नु र आम-जनताको जीवनमा सुधार ल्याउनु हाम्रा यी तिन प्रमुख अभिभारा हुन् । हामी क्रान्तिकारी आन्दोलनका नेता तथा संगठनकर्ता र साथै आम जनताको नेता र संगठनकर्ता पनि हौँ । यस मानेमा हामीभित्र जान-अनजानवस रही आएको नोकरशाही प्रवृत्ति तथा हुकुमवादी सोच (तरिका) लाई हाम्रो वरिपरि कहिं कतै कुना-काप्चामा लुकिछिपि बस्न सक्ने स्थितिसम्मलाई कडाइका साथ निषेध गरी गलहत्याई पठाउनु पर्छ । र आम जनतासँग नङ र मासु झैँ घनिष्टता कायम गरी न्यानो मायाका साथ घुलमेल भई व्यावहारिक तथा ठोस कार्यतरिका अपनाई दुनिया सामू जल्दो बल्दो उद्धाहरण भई उभिनु पर्दछ ।

यस्तो जतिलतम् स्थितिबाट देशको राष्ट्रिय स्वाधिनता, भू-अखण्डता तथा सार्वभौमिक्ताको रक्षा, जनगणतन्त्र र जनजिविकाको सवाललाई लिएर नयाँ जनवादी क्रान्तिलाई सशक्त र जुझारु ढङ्गले अगाडि बढाउन समपूर्ण आवश्यक विषयवस्तु तयारिका साथ आमजनतालाई परिचालन गर्न पहलकदमिको निम्ति कतिपनि ढिला नगरी सक्रियता अपनाउनुको सँगै, क्रान्तिकारीहरूले अत्यन्तै महत्वका साथ बुझ्नुपर्ने कुरो, जनताको सहभागिता बिना अरु जस्तो जेसुकै र जतिसुकै तयारिका साथ क्रान्तिलाई हाँक्न पुगेतापनि त्यो क्रान्तिको नाउँमा अरुलाई मात्र हैन आफुले आफैलाई समेत ढाँट्नु र छल्नु सिवाय अरु केही होइन र हुनसक्दैन । कारण के भने क्रान्तिकारी आन्दोलन वा युद्ध आमजनताको आन्दोलन (युद्ध) हो, आम जनता भन्नाले देशको कूल जनसंख्या मध्येका पन्चानब्बे प्रतिशत शोषित पिडित आमजनता हुन् । आम-जनतालाई संचालित गरेर र उनीहरू माथि भरोसा राखेर मात्र यसलाई चलाउन सकिन्छ ।

हामी बिलकुल भ्रममा पर्नु हुँदैन, फलामको सच्चा किल्ला के हो त भने त्यो शोषित पिडित आम जनता हुन्, क्रान्तिलाई साँचिकै र दिलैदेखि समर्थन गर्ने लाखौं करोडौं जनता हुन । त्यो यस्तो सच्चा फलामे किल्ला हो, जसलाई विश्वका मैहुँ भन्ने बडेबडेमानका तानाशाहाहरूले मात्र हैन, त्यस्ता कुनै पनि शक्तिले कुनै हालतमा पनि ध्वष्त पार्न सक्दैन । प्रतिक्रान्तिले हामीलाई नष्ट पार्न सक्दैन, बरु यसको उल्टो, हामीले त्यसलाई ध्वष्त पार्ने छौं । करोडौं जनतालाई क्रान्तिकारी आन्दोलनको वरिपरी एकत्रित पारेर र आफ्नो क्रान्तिकारी आन्दोलन (युद्ध) को प्रसार गरेर हामीले सम्पूर्ण प्रतिक्रान्तिलाई मिटाउने छौं र सिंगो नेपाल माथि बिजय प्राप्त गर्ने छौं र पूर्ण अधिकार जमाउने छौं ।

क्रान्तिकारीहरू अत्यन्तै जिम्मेवार बनि विवेकपूर्ण ढङ्गले जनताको भलाईको समस्यालाई क्रान्तिकारी आन्दोलनको समस्यासित गाँसेर क्रान्तिकारी कार्य तरिकाको समस्या र आफ्नो क्रान्तिकारी अभिभारा पूरा गर्ने समस्या सबैको एकसाथ समाधान गर्न खुब ध्यान दिएर शुद्ध दिलले आफ्नो क्रान्तिकारी उतरदायित्व बहन गर्न सक्नु पर्दछ ।

खास अर्थमा यसलाई यसो भन्दा सही हुन्छ - पार्टीको वर्तमान कार्यक्रम (अभियान) को उद्देश्य भनेको नै दास मनोवृत्ति भत्काएर जडसुत्रवादी सोचलाई माटोमा गाड्नु हो, अन्धभक्ति तोड्न, हाम्रो बिचारधारात्मक स्तर उकास्न, अनुभवद्वारा सिकिएको पाठहरूलाई जाँचपरख गर्न, महान बिचारहरूलाई उठ्न दिएर र महान रूपमा फुल्न दिएर शुद्धिकरणको विधि प्रयोग गर्नु हो ।

हाम्रो राष्ट्रिय अभिभारा भनेको देश र जनताको मुक्ति र स्वतन्त्रताको निम्ति अनवरत संघर्षरत हुनुको सँगसँगै क्रान्तिकारीहरूको यो नैतिक दायित्व पनि हो । यसै दायित्वभित्र विश्व सर्वहारा वर्गका शत्रुहरू अर्थात साम्राज्यवाद, विस्तारवाद र प्रतिक्रियावादीहरू, केही गद्दारहरू साम्राज्यवाद, विस्तारवादका समर्थकहरू र ट्राटस्किपंथीहरू नेपालमा सदा राजनीतिक अस्थिरता कायम गरी सिंगो नेपाली भूमिलाई उनीहरूको स्वार्थ र चाहना अनुरूप खेलमैदानमा परिणत गरी आ-आफ्नो स्वार्थसिद्ध गर्न चाहन्छन् । हामी, न्यायप्रेमी स्वतन्त्रकामी तमाम् क्रान्तिकारी जन-समूदायलाई एकीकृत (एकगठ) गरी, ती दुष्ट कुकर्मिहरूको दुरासयपूर्ण हरकत प्रतिको, जन-आक्रोसलाई क्रान्तिकारी आँधि-वेहरीमा परिणत गरी, त्यस्ता हरामखोरहरूलाई, बहुला कुकुरलाई लखेटयाझैँ लखेटेर ढुलो चटाउँदै, अर्का भारतीय विस्तारवादका पाल्तु कुकुर (दलाल) ती नवप्रतिक्रियावादी सत्तासिनहरूको, देश र जन-विरोधी राज्यसत्ता ध्वष्ट पार्न, मालेमावादी पथ प्रदर्शणलाई आत्मासात गर्दै नेपाली भू-राजनीतिको मौलिकतामा आधारित रही सशस्त्र जनविद्रोह (नयाँ जनवादी क्रान्ति) लाई उत्सर्गमा पुऱ्याउनु जरुरी छ र जरुरी छ, जनताको आवश्यक्ता र आकांक्षा अनुरूप नयाँ जनवादी जनगणतन्त्रिय राज्य व्यवस्था निर्माण गरी यसै मार्फत सर्वहारा वर्गिय अधिनायकवादमा आधारित वैज्ञानिक समाजवाद हुँदै साम्यवाद तिर छलाङ मार्नु यो नै एक मात्र आजको राष्ट्रिय आवश्यक्ता र जनचाहना हो ।

*२०७८/७/३,*
*ताहाचल, काठमाडौँ*

---

### ने.क.पा. ...

दुखःद निधन भयो । उहाँ घाँटीको रोगले पीडित हुनुहुन्थ्यो । उहाँका एक श्रीमति, एक छोरा, एक बुहारी, २ छोरी र नाति-नातिनाहरू हुनुहुन्छ । यस दुःखद घडीमा हाम्रो पार्टी क. चुडामणी बरालप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र उहाँका सम्पूर्ण शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।

दमक-६ झापामा जन्मनु भएका कमरेड बराल पूर्वको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनका एकजना मूर्धन्य नेता हुनु हुन्थ्यो । उहाँको निधनले नेपालको कम्युनिस्ट आन्दोलन र मुख्यतः पूर्वको कम्युनिस्ट आन्दोलनलाई ठूलो क्षति पुग्न गएको छ ।

मिति : कार्तिक ४, २०७८

*प्रतीक*
*प्रवक्ता*
*नेकपा (क्रान्तिकारी माओवादी)*

### बाढी...

सर्वसाधारण नागरिकको मृत्यु भएको छ, दर्जनौ घरहरू पुरिएका छन्, २७ जना नागरिक वेपत्ता भएको खबर छ, कैयौं घाइते भएका छन् । त्यसमाथि थन्क्याउने बेला भएको हजारौं हेक्टर जमिनमा लगाइएको धानबाली नष्ट भई किसानहरू बिचल्लीमा परेका छन् । यो बेमौसमी वर्षाले प्रायः देशैभरि विपत्तिको स्थिति पैदा गरेको छ ।

यो वर्षालाई रोक्न त सम्भव थिएन, तर त्यसबारे समयमै व्यापक प्रचार गरेर जनतालाई सचेत गराउन सकेको भए जन, धन र धानबालीको क्षतिलाई धेरै हदसम्म कमगर्न सकिन्थ्यो । इतिहासबाट शिक्षा नलिने र बेमौसमी वर्षाले निम्त्याउन सक्ने विपत्तिबारे समयमै सतर्क नहुने र नगराउने सरकारी कमजोरीका कारण यसपाली जनधनको क्षति धेरै हुन गएको हो । यस प्रकारको सरकारी रवैयाको हाम्रो पार्टी विरोध गर्दछ ।

यस स्थितिमा सर्वप्रथम हाम्रो पार्टी मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै तत्काल घाइतेहरूको निशुल्क उपचार गर्न, बेपत्ताहरूको खोजी गर्न, घरबास पहिरोमा परी विचल्लीमा परेकाहरूको अविलम्ब खानपिन तथा बसोबासको व्यवस्था गर्न र धानबाली नष्ट भएका आम किसानहरूलाई क्षतिपूर्ति दिलाउन सरकारसँग जोडदार माग गर्दछ । दीर्घकालीन रूपमा यस प्रकारका प्राकृतिक विपत्तिहरूको सामना गर्नका लागि राष्ट्रिय नीति निर्माण गरी तदनुरूप अगाडि बढ्न सरकार समक्ष विशेष माग गर्दछ । साथै, बाढी, पहिरो र डुवानका कारण विचल्लीमा परेका आम जनतालाई आवश्यक सहयोग पुऱ्याउन सम्पूर्ण पार्टी सदस्यहरूलाई विशेष अनुरोध गर्दछ ।

मिति : कार्तिक ४, २०७८

*प्रतीक*
*प्रवक्ता*
*नेकपा (क्रान्तिकारी माओवादी)*

### क्रान्तिकारी...

शासकहरूका विचारमा पूर्ण रूपमा नष्ट भइसकेको छ, पहिलेको कुनै पनि समयको मुकाबिलामा आज झन् बढी जीवनशक्तिले ओतप्रोत छ । त्यसकारण हामी तपाईंहरूसँग मिलेर यो नारा घन्काउँछौँ –कम्युन : जिन्दावाद !' यसबाट प्रतिक्रियावादी वर्गका विरुद्ध मजदुर वर्गले सशस्त्र भएर उठ्नु र विद्रोह गर्नु कति महत्वपूर्ण रहेछ भन्ने कुरा प्रस्ट हुन्छ ।

पेरिस कम्युन विद्रोहको ४६ वर्षपछि रूसी अक्टोवर क्रान्तिको विजयले विश्वमा सर्वहारा क्रान्ति र सर्वहारा अधिनायकत्वको नयाँ युग सुरु भएको थियो । यो शान्तिपूर्ण ढङ्गबाट भएको थिएन, पेरिस कम्युनको बाटो भएर भएको थियो, त्यसैले लेनिनले भनेका थिए : 'पुरानो राज्यमेसिनरीलाई ध्वस्त पार्ने कुरामा पेरिस कम्युन विश्वऐतिहासिक महत्वको पहिलो कदम थियो भने सोभियत राज्यसत्ताले दोस्रो कदममा फड्को मारेको छ । युद्ध हमेसा र हरेक ठाउँमा शोषकहरूद्वारा चलाइन्छ ।'

स्टालिनले पनि क्रान्तिकारी सशस्त्र ढङ्गबाट सत्ता कब्जा गर्न पार्टी सदस्य सेनाजस्तो, सङ्गठन फौजजस्तो हुनुपर्ने र हतियार-हतियार, फेरि पनि हतियार भनेर सशस्त्र बलमाथि जोड दिएका थिए । चीन, भियतनाम, कोरिया आदि ठाउँमा जति पनि क्रान्तिहरू भए, बल प्रयोगको सिद्धान्त र सशस्त्र सङ्घर्षबिना भएको थिएन । माओले अत्यन्त सरल र स्पष्ट भाषामा सशस्त्र सङ्घर्ष तथा जनसेनाको महत्वमा जोड दिएका छन् । उनले भनेका छन् : "राज्यसत्तासम्बन्धी मार्क्सवादी सिद्धान्त अनुसार, सेना राज्यसत्ताको मुख्य बल हुन्छ । जोकसैले पनि राज्यसत्ता कब्जा गर्न चाहन्छ र त्यसलाई कायम गर्न चाहन्छ भने उसँग एउटा शक्तिशाली सेना हुनुपर्छ । शसस्त्र बलद्वारा राज्यसत्ता खोस्नु, युद्धद्वारा समस्या समाधान गर्नु क्रान्तिको केन्द्रीय कार्य र सर्वोच्च रूप हो ।' क्रान्तिमा जनसेनाको महत्वको सार खिच्दै माओले भनेका छन् - 'राज्यसत्ताको जन्म बन्दुकको नालबाट हुन्छ ।'

त्यसकारण हिंसात्मक क्रान्ति सर्वहारा क्रान्तिको एउटा सार्वभौम सिद्धान्त हो । मालेमावादी पार्टीहरूले यस सार्वभौम सिद्धान्तलाई आफ्नो देशको विशिष्टता अनुसार प्रयोग गरेर नै क्रान्तिकारी माग अवलम्बन गर्न सकिन्छ । सशस्त्र सङ्घर्षको रणनीतिक उद्देश्य अँगाल्ने, तर विशिष्टतामाथि ध्यान नदिन, साथै सशस्त्र सङ्घर्षको कुरा गर्ने तर कार्यनीति त्यस अनुरूपको नअँगाल्ने हो भने त्यसको कुनै महत्व हुँदैन । सर्वहारा वर्गको पार्टीको दाबी गर्ने मालेमावालदीहरू बलपूर्वक सत्ता प्राप्त गर्ने बाटोको विपरीत जान्छन् र जानेहरूको पनि विरोध गर्छन् भने उनीहरूबाट क्रान्तिलाई नोक्सानी पुग्ने मात्र होइन, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रतिक्रियावादी वर्गलाई नै सेवा पुऱ्याइरहेको हुन्छ ।

### अस्पताल...

किरणलाई आइतबार अस्पतालले डिस्चार्ज गरेको छ ।

अक्सिजनमा राखेर 'हाइ के यर'मा उपचार गरेपछि महासचिव किरणको स्वास्थ्यमा उल्लेख्य सुधार भएको थियो । दमको पुरानो समस्या भए पनि परीक्षणको क्रममा ब्लडमा इन्फेक्सन र प्रोस्टेट ग्रन्थीमा सामान्य वृद्धि भएको पाइएको उपचारमा संलग्न चिकित्सकहरुले जनाएका छन् ।

सामान्य अवस्थामा दुई हप्तापछि फ्लो अपमा आउने गरी अस्पतालले डिस्चार्ज गरेको सम्बद्ध स्रोतले जनाएको छ । अस्पताल भर्नाभएपछि क्रान्तिकारी माओवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, पार्टी सम्बद्ध जबस मोर्चाका नेता कार्यकर्ताहरुका साथै उपराष्ट्रपति नन्दकिशोर पुन पासाङ, पूर्व प्रधानमन्त्रीहरु पुष्पकमल दाहाल प्रचण्ड, बाबुराम भट्टराई, मन्त्रीहरु जनार्दन शर्मा प्रभाकर, पम्फा भुसाल, देवेन्द्र पौडेल लगायत विभिन्न पार्टीका नेता कार्यकर्ताहरुदेखि जनसर्वसाधारणसम्मले अस्पतालमा पुगेर महासचिव किरणको स्वास्थ्य स्थितिको जानकारी लिंदै स्वास्थ्य लाभको कामना गरेका थिए ।

# नेकपा(मसाल)को अन्तरसंघर्ष र क्रान्तिको लागि विद्रोहको झण्डा



● हुकुमबहादुर सिंह

*क. माओले चीनमा दक्षिण र वाम दुवैका विरुद्ध निर्मम संघर्ष गरे विजय गरेको इतिहास छ तर क. एमबीले भने कार्यकर्ताहरुलाई दक्षिणपन्थी होइन सधैंभरी उहाँको शब्दमा उग्र'वामपन्थी' विचारमा नलाग्न सचेत गराउनमा जोड दिने गर्नु हुन्छ । दक्षिण र वाम दुवैका विरुद्ध निर्मम संघर्ष गरेको इतिहास छैन । त्यसैले होला उहाँले आफ्नो जीवनभरी कम्युनिष्ट आन्दोलनमा लागेको उहाँ जस्तो व्यक्तित्वले क्रान्तिवारे कुनै राजनैतिक ठोस कार्यक्रम अगाडि सार्न नसकेपछि हिजो लामो समय ओलीलाई देशभक्त प्रमाणित गर्न विताउनु भयो भने अहिले देउवाको गठबन्धन सरकारको सञ्चालनमा माथिल्लो समितिमा हुनुहुन्छ । नेपाली काँग्रेसको नेतृत्वमा नेकपा(मसाल)/राजमोलाई सरकार संचालन टोलीमा पठाउने काम भद्दा संसदवादको अनुकरण नभएर के हो । 'प्रतिगमन उन्मूख' 'प्रतिगमनकोसेवा' कसले गरेको छ ? अन्तरसंघर्ष चलाइरहेका साथीहरको उहाँ माथि अहिले प्रश्न छ*

विगतदेखि नै नेपाली कम्युनिस्ट आन्दोलनमा एउटा जबर्जस्त रोग छ त्यो हो पार्टीभित्र फरक मत राख्नेलाई विल्ला भिराइदिइ हाल्ने, बहुमतको डण्डा चलाइ हाल्ने । दक्षिणपन्थी, वाम सङ्कीर्णवादी, सि आइ डि,रअका एजेन्ट, 'सुरुमै प्रतिगामी दिशा समाई सकेको' आदि इत्यादी आरोप लगाउने गरिन्छ । नेपाली कम्युनिस्ट आन्दोलनमा यो आम रोगजस्तै भएता पनि त्यसका गुरु भने नेकपा(मसाल)का वर्तमान महामन्त्री एमबी सिह नै हुनु हुन्छ । २०४० मा दक्षिणपन्थी भनेर अफ्र सि आइडि समेत भनेर निर्मल लामालाई पार्टीबाट समेत निस्कासन गर्न उहाँको नकारात्मक भूमिका थियो । पार्टी फुटन हुँदैन भन्ने सधैभरी पार्टी कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूको ठूलोपङ्तिको आग्रह हुन्छ । तर त्यसलाई वहाँले सुनेको नसुनेझै गरिदिने बानी छ । नेकपा(मसाल)भित्रको वर्तमान अन्तरसंघर्ष वारे पनि सत्य हो ।

क. एमबीले वारम्वार सशस्त्र संघर्ष गर्नको लागि आत्मगत परिस्थिति तयार छैन भन्दै आउनु भएको छ र अहिले पनि त्यो उहाँका लागि निरन्तरताको सुगा रटाई हो । त्यसका लागि आफूले कुनै तयारी गर्ने होइन, बरु जसले प्रयास गरे त्यसको उदाहरण दिँदै 'हेरत मइले भनेको होइन, सशस्त्र संघर्ष गर्नको लागि आत्मगत परिस्थिति तयार छैन भनेर' भन्दै आउनु भएको छ ।

पार्टीभित्र ज-जसले यसलाई अलिकति सशस्त्र संघर्षको तैयारीको प्रश्न उठाउन थाल्दछन् तिनीहरूलाई विभिन्न बाहनामा हतोत्साहित गर्ने, अनुशासनको बारवाही गर्ने आदि गर्दै आउनु भएको छ । अन्य दलहरूले जो जोले यसको तयारीको कुरा गरे तिनलाई आतंकवादीकारवाहीहरू देख्ने गर्दै आएको सत्य हो ।

सधैभरी शान्तिपूर्ण आन्दोलनको गोलचक्करमा रमाउने, शस्त्र संघर्षको तैयारी कहिल्यै नगर्ने उहाँको कार्यदिशा रहँदै आएको छ । २०५२सालको संसदीय नीर्वाचनपछि आज २६ वर्षसम्म लामो समय एमालेको बैशाखीमा संसदीय व्यवस्थाको आहालबाट कहिल्यै बाहिर आउने शाहास उहाँले गरेन ।

सिद्धान्ततः लेखमा, पार्टी दस्तावेजमा, पार्टी स्कुलिंगमा मार्क्सवाद-लेनिनवाद-माओविचारधारा भन्ने तर सशस्त्र संघर्षबारे कुरै नगर्ने । सशस्त्र संघर्षलाई व्यहारमा उत्रने बारे उहाँको नकारात्मक धारणा धेरै पहिलेदेखि नै रहँदै आएको छ । माले, नक्सलवादी, माओवादीहरूको सशस्त्र संघर्षको असफलताका उदाहरण दिन नथाक्ने तर ती भित्रका सकारात्मक उपलब्धीका कुराहरू नदेख्ने । केवल असफलताका उदाहरणहरू दिएर नेपालमा सशस्त्र संघर्ष कहिल्यै सफल हुँदैन भन्ने उहाँको निष्कर्ष हो । क. एमबीको अधिभूतवादीदृष्टिकोण यसका पछाडिको मूल कारण हो ।

उहाँले आफना हिजोका गल्तीसच्चाएर अगाडि बढ्ने प्रयास कहिल्यै गरेको पाइएन र परिस्थितिलाई क्रान्तिको अनुकूलतामा फेर्ने प्रयास पनि कहिल्यै गरेको देखिएन ।

क. एमबीद्वारा नेकपा(मसाल)को आठौं महाधिवेशनमा प्रस्तुत र त्यसद्वारा पारित राजनीतिक दस्तावेजमा उहाँले लेख्नु भएको छः 'कुनै खास परिस्थितिमा कुनै देशको स्थिति अनुसार सशस्त्रसंघर्षको सट्टा शान्तिपूर्ण आन्दोलन वा संसदीय प्रणालीलाई पनि उपयोग गर्नुपर्ने आवश्यकताहुन्छ ।' (मस्यौदा दस्तावेजहरू पेज ३८) । तर शान्तिपूर्ण आन्दोलन वा संसदीय प्रणालीलाई पनि उपयोग गर्ने काम उहाँले सही मार्क्सवादी लेनिनवादी विचारका आधारमा होइन, दक्षिणपन्थी संसदवादी कोणबाट गरिरहनु भएको छ ।

२०५२ सालदेखि त उहाँले सशस्त्र संघर्षकोसट्टा शान्तिपूर्ण आन्दोलन र संसदीय प्रणालीलाई उपयोग गर्ने कुरालाई पार्टीको नीति बनाउनुभएको छ । कतै उहाँको संसदीय प्रणालीलाई मानेर जाने रणनैतिक लक्ष्य बनाएको त होइन ? पार्टीभित्र अन्तरसंघर्ष चलाएका कमरेडहरू र अन्य क्रान्तिकारीहरूले पनि उठाइरहेको गम्भीर प्रश्न हो ।

नेकपा(मसाल)को आठौं महाधिवेशनमा सशस्त्रसंघर्षबारे फरकमत कर्ता कमरेडहरूको मत थियो -'तत्कालिन संघर्षको स्वरूप जनसंघर्ष भए पनि संगठनको निर्माण दीर्घकालीन रणनीतिलाई ध्यान दिएर गर्नुपर्दछ र त्यस अनुसार नै संगठनको स्वरूप बनाउनु पर्दछ । हाम्रो पार्टीले दीर्घकालीन सशस्त्र संघर्षद्वारा राज्यसत्ता कब्जा गर्ने नीतिलाई अवलम्बन गर्ने भएकोले तत्कालिन संगठनको स्वरूपले सशस्त्र संघर्षलाई सहयोग पुग्ने प्रकारले संगठनको निर्माण आवश्यक छ ।' (मस्यौदा दस्तावेजहरू पृष्ठ १५२) ।

अल्पमतको यो भनाईबाट उहाँ तर्सेको देखिन्छ र अनेकौ बाहनाहरू बनाएर उहाँहरूलाई पार्टीबाट अलग गर्ने योजना अनुसार यो सब भएको हो भन्ने आधार बलियो छ । उहाँले त्यसका लागि कैयो नेता तथा कार्यकर्ताहरूलाई निष्काशित गर्नु भयो र तीनीहरूबारे भविष्यवाणी गर्दै उहाँ भन्नु हुन्छ- 'उनीहरूको गन्तव्य या त विसर्जन हुनेछ या त्यसको दक्षिणपन्थी अवसरवादमापतन हुनेछ ।' 'केही दिनमा नै उनीहरूको अस्तित्व समाप्त हुने कुरा निश्चित ।' 'प्रतिगमनकोखतरालाई गौण बताएर उनीहरूले प्रकारान्तरले प्रतिगमनलाई नै मद्दत पुऱ्याउने काम गरिरहेकाछन् ।'

अलिकति पनि फरक मत राख्नेलाई उहाँले कसरी पाखा लगाउनेबारे सामन्ती तथा रकमी तरिका अपनाउनु हुन्छ, त्यो कमै कमरेडहरूलाई थाहा हुन्छ । लेखक उहाँको त्यो तरिकावारे जानकार मात्रै होइन पिडित पनि हो । यसवारे नेकपा(मसाल)का केन्द्रीय नेता चित्रबहादुर के.सी. र मिना पुनलगायत केसका कैयौ साथी कमरेडहरूलाई समेत लामो समयसम्म गुमराहामा राख्नु भयो । ललितपुर पार्टी इन्चार्जको नाताले मैले एक पटक त्यहाँका कमरेड निलगोविन्द, दिपराम महर्जनका साथमा क. एमबीजीलाई भेटेर छलफल गरी उहाँहरूकै बीचमा मेरा १७बटा मतभेदका बुँदालाई पार्टी केन्द्रीय समितिमा राखिदिन अनुरोध गर्दै बुझाएकोमा त्यसलाई उहाँले खल्तीमा राखेर त्यही कुहाइदिनु भएको यथार्थता हो । करीब एक वर्षसम्म जिम्मेवार विहिन बनाएर राखेको यथार्थता हो ।

क. एमबी आफूले कार्वाहीगरेर निष्कासन गरिएका साथीहरूप्रति कति घेरै आक्रोश, रिस र जलन प्रकट गर्नु हुन्छ र अहिले पनि गरिरहनु भएको छ भन्ने कुरा उहाँले दिने ससाना गुट बनाएर गरिने स्कुलिंग, उहाँका आफ्ना लेखहरू र उहाँलाइ अन्ध समर्थन गर्ने कमरेडहरूका लेखहरूबाट थाहा लाग्छ । मेरो अनुभवमा त उहाँ मार्क्सवादी-लेनिनवादी कार्यशैली नभई एउटा सामन्ती र रकमी कार्यशैलीबाट उहाँ ग्रस्त हुनुहुन्छ भन्दा अत्युक्ति ठहर्दैन ।

क. माओले चीनमा दक्षिण र वाम दुवैका विरुद्ध निर्मम संघर्ष गरे विजय गरेको इतिहास छ तर क. एमबीले भने कार्यकर्ताहरूलाई दक्षिणपन्थी होइन सधैंभरी उहाँको शब्दमा उग्र'वामपन्थी' विचारमा नलाग्न सचेत गराउनमा जोड दिने गर्नु हुन्छ । दक्षिण र वाम दुवैका विरुद्ध निर्मम संघर्ष गरेको इतिहास छैन । त्यसैले होला उहाँले आफ्नो जीवनभरी कम्युनिस्ट आन्दोलनमा लागेको उहाँ जस्तो व्यक्तित्वले क्रान्तिवारे कुनै राजनैतिक ठोस कार्यक्रम अगाडि सार्न नसकेपछि हिजो लामो समय ओलीलाई देशभक्त प्रमाणित गर्न विताउनु भयो भने अहिले देउवाको गठबन्धन सरकारको सञ्चालनमा माथिल्लो समितिमा हुनुहुन्छ । नेपाली काँग्रेसको नेतृत्वमा नेकपा(मसाल)/राजमोलाई सरकार संचालन टोलीमा पठाउने काम भद्दा संसदवादको अनुकरण नभएर के हो । 'प्रतिगमन उन्मूख' 'प्रतिगमनकोसेवा' कसले गरेको छ ? अन्तरसंघर्ष चलाइरहेका साथीहरको उहाँ माथि अहिले प्रश्न छ ।

क. एमबीको पुरानो रोग-फरक मतका साथीहरूप्रति मित्रतापूर्ण होइन, वर्गदुश्मनको व्यवहार गर्ने र आफना समर्थकहरूलाई त्यही स्कूलिंग दिने । गद्दार पुष्पलालदेखि सिआइडि निर्मललामा भन्दै आउनु भएको उहाँले अहिले पार्टीभित्रका फरक मतवाला कमरेडहरूलाई 'रअका एजेन्ट', 'दुश्मनका एजेन्ट', 'सिआइडी', 'भारतपरस्त', 'राजापरस्त' भनेर अराजनीतिक तथा खराब व्यक्तिहरूको रूपमा रेखांकन गरेको पाइन्छ ।

नेकपा ( मसाल ) भित्र बिगत लामो समय देखि चलेको क्रान्तिकारी र दक्षिणपन्थी राजनैतिक लाइन बिचको अन्तरसंघर्ष अहिले चरम उत्कर्षमा पुगेकोछ । पार्टीभि क. एमबीले नेतृत्व गरेको मुल नेतृत्वले दक्षिणपन्थी कार्यदिशा समातेको स्पष्टै छ । उक्त दक्षिणपन्थी कार्यदिशाका विरुद्ध विद्रोहको झण्डा उठाउनेहरूको प्रभाव पार्टी भित्र तल्लोस्तरसम्म बलियोगरी जरा गाडदै गएको देखिदै छ ।

मसालका प्रभावशाली र लोकप्रिय केन्द्रिय नेता एवं विभिन्न प्रदेश तथा स्थानिय समिति र मोर्चाहरूले बिगत केही समय देखि समानान्तर समिति निर्माण गर्दै आइरहेका छन । उक्त अन्तरसंघर्षको प्रभाव बिद्यार्थी मोर्चा लगायत अन्य मोर्चाहरूमा प्रकट रूपमा बाहिर आएको छ । ती मोचार्हुमा समानान्तर दुई फरक केन्द्रिय समिती देखा परेका छन । मसाल भित्रको अन्तरसंघर्ष चरमउत्कर्षमाः बिद्यार्थी मोर्चाको २२औं राष्ट्रिय सम्मेलनबाट दुई अलग अलग केन्द्रीय समिति निर्वाचित भएका छन् ।

नेकपा ( मसाल )का महामन्त्री क. एमबी सिंहले उहाँको दक्षिणपन्थी कार्यदिशाका विरुद्ध विद्रोहको झण्डा उठाउनेहरूलाई 'वामपन्थी संकीर्णवाद र फुटपरस्त प्रवृत्ति' भन्दै उनीहरूको चर्को आलोचना गर्ने क्रम अहिले पनि जारी छ । क. एमबी सिंहका विचारहरू जे जसरी आउने गर्दछन्, त्यसले पार्टीलाई सधैभरी फुट र विभाजनका लागि प्रोत्साहित गरिरहेको छ ।

के स्पष्ट हो भने श्रमजीवी वर्गको पक्षमा नभएको विचारले त्यसभित्रका क्रान्तिकारीहरूबाट समर्थन पाउँदैन र त्यस्ता क्रान्तिकारीहरूलाई विभिन्न बहानामा निष्काशन गर्ने, हतोतशाहीत गर्ने क्रम चलिरहन्छ ।

बिगतमा जस्तै अहिले नेकपा (मसाल)का महामन्त्री क. एमबी सिंहको दक्षिणपन्थी कार्यदिशाका विरुद्ध त्यसभित्रका क्रान्तिकारीहरूले केही समयदेखि जुन विद्रोहको झण्डा उठाउनु भएको छ, त्यसको क्रान्तिकारीहरूले स्वागत गर्नै पर्दछ र त्यो काम उहाँहरूले नेकपा (मसाल )को विभाजन नभई एकतालाई अरु सुद्रढ बनाएर लगेर मात्रै गर्ने जुन नीति लिनु भएको छ, त्यो नेपाली जनवादी क्रान्तिका लागि सहयोगी हुने छ । र नेपाली क्रान्ति टुटफुट र विभाजनबाट नभई क्रान्तिकारीहरूबीचको सिद्धान्तनिष्ट एकताबाट मात्र सफल हुने छ ।

singhhukum683@gmail.com

---

## राहत...

अध्ययन गरेर त्यसका आधारमा क्षतिपूर्ति दिने निर्णय गरेको छ ।

बेमौसमी वर्षका कारण सबैभन्दा बढी प्रभावित सुदूरपश्चिममा पुगेर देउवाले योजनाबद्ध रूपमा प्रभावितका लागि राहतका कार्यक्रम र योजना ल्याउने प्रतिबद्धता व्यक्त गरेका थिए । उनले प्राकृतिक प्रकोपबाट प्रभावितका लागि राहत र उद्धारमा सरकारले कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

यसैबीच, प्रधानमन्त्री शेरबहादुर देउवाले सुर्खेत, दिपायल, बझाङ, बैतडी, डडेल्धुरा, कैलाली र कञ्चनपुरमा बाढी, डुबान र पहिरोले पारेको प्रभावको हेलिकप्टरबाट निरीक्षण गरेका छन् । उनले महाकाली तटीय क्षेत्र तथा ब्रह्मदेवदेखि कुतियाकभरसम्म पनि हेलिकप्टरबाटै निरीक्षण गरेका थिए । देउवाले पूर्व प्रदेश १ का बाढी पहिरो प्रभावित जिल्लाको पनि हेलिकप्टरबाट निरीक्षण गरे । प्रत्यक्ष बाढी पहिरो पीडितसँग भेटेर उनीहरूको गुनासो सुन्ने भन्दा पनि सरकारी निकाय र पार्टीका नेता कार्यकर्ताहरूबाट बाढी पहिरो पीडितहरूको अवस्था बुझ्ने काम गरेका थिए ।

राहत र पुनर्वासमा सरकारी उदासिनता

देउवा सरकार बाढी, पहिरो र डुवान पीडितहरूको उद्धार, राहत र पुनर्वासमा तत्काल व्यवस्थापन गर्ने भन्दा पनि झुटा आश्वासन बाँड्दै हिडेको छ । बाढी, पहिरो र डुवानमा परेका नागरिकहरूको तत्काल उद्धार, राहत र उपचार नहुँदा मृत्युको संख्या ११७ पुगेको पीडितहरूको गुनासो छ । राहत र पुनर्वासमा पनि दलीय राजनीतिक प्रभावका कारण पीडितहरू थप पीडित बन्नु परेका घटनाहरू पनि प्रकाशमा आएका छन् । सदन र सडकका प्रतिपक्ष राजनीतिक पार्टीहरूले पीडितहरूलाई तत्काल राहत उपलब्ध गराउन र पुनर्वासको व्यवस्था मिलाउन सरकारको ध्यान आकर्षित गरे पनि सरकारले तदारुकता देखाएको छैन । बरु सहयोग जुटाएर भए पनि राहत र पुनर्वासको व्यवस्था गरौला भन्दै चुनावी भाषा मात्रै बोलिरहेको छ । तर राहत र पुनर्वासका लागि ठोस योजना बनाएको छैन ।

बाढी पहिरो र डुवानपीडितलाई राहत प्याकेजको व्यवस्था गर्न माग

यो पटकको वर्षाले र त्यसबाट उत्पन्न परिस्थितिबाट किसानले धानमा ठूलो क्षति भोगेको उल्लेख गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले केन्द्र, प्रदेश र स्थानीय तहका सरकारहरूसँग पीडितहरूको राहत, घाइतेहरूको निशुल्क उपचारका लागि जोडदार माग गर्नुभएको छ ।

त्यसैगरी नेकपा (क्रान्तिकारी माओवादी)का प्रवक्ता हरिभक्त कँडेल प्रतीकले एक वक्तव्य जारी गर्दै बाढी पहिरोका मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्नुभएको छ र तत्काल घाइतेहरूको निशुल्क उपचार गर्न, बेपत्ताहरूको खोजी गर्न, घरबास पहिरोमा परी विचल्लीमा परेकाहरूको अविलम्ब खानपिन तथा बसोबासको व्यवस्था गर्न र धानबाली नष्ट भएका आम किसानहरूलाई क्षतिपूर्ति दिलाउन सरकारसँग जोडदार माग गर्नुभएको छ ।

वक्तव्यमा भनिएको छ, "दीर्घकालीन रूपमा यस प्रकारका प्राकृतिक विपत्तिहरूको सामना गर्नका लागि राष्ट्रिय नीति निर्माण गरी तदनुरूप अगाडि बढ्न सरकार समक्ष विशेष माग गर्दछ । साथै, बाढी, पहिरो र डुवानका कारण विचल्लीमा परेका आम जनतालाई आवश्यक सहयोग पुऱ्याउन सम्पूर्ण पार्टी सदस्यहरूलाई विशेष अनुरोध गर्दछ ।"

## चार

क्षति नेपाली किसानको भएको छ । वास्तवमा यो राष्ट्रकै ठूलो नोक्सानी हो ।

कोरना महामारीले थला परेको किसान थप यस प्राकृतिक प्रकोपले यो हाम्रो देशको जीवनदायिनी शक्तिको जुन क्षति भएको छ, खाशगरी हाम्रो प्रमुख खाद्यान्न बाली धानको, त्यसप्रति हामी चार किसान संगठन अत्यन्तै चिन्तित र दुःखी छौं । विपत्ती र क्षतिको यस घडीमा हामी राज्यले जन धनको क्षति भएका किसान परिबारको उद्धार, राहत, सुरक्षा तथा सम्पूर्ण किसान परिवारको सुनिश्चित भविष्यका लागि युद्ध स्तरमा प्रभावकारी कदम चालोस् र किसानको सुरक्षित बर्तमान तथा सुनिश्चित भविष्यका लागि तत्कालीन र दीर्घकालीन अग्रगामी र उन्नत नीति र कार्यक्रमको घोषणा गर्दै भूमि, कृषि र किसानका समस्या गरोस् भन्ने जोडदार माग गर्दछौं ।

यसरी मात्र खाद्य संप्रभुता, पोषणको रक्षा र बास्तवमा देशको पनि रक्षा हुन सक्तछ भन्ने कुरा हामी प्रष्ट पार्न चाहन्छौं ।साथै यस दुःखद घडीमा हामी चार किसान संगठनमा आबद्ध किसान नेता तथा कार्यकर्ताहरूलाई पनि एक जुट भएर प्राकृतिक बिपत्तिमा परेका किसानहरूलाई आ-आफ्नो ठाउबाट उद्धार, सहयोग तथा सहानुभुति जे गर्न सकिन्छ तदारुखताकासाथ गर्न पनि बिशेष आह्वान गर्दछौं ।

*भैरवराज रेग्मी*
*अध्यक्ष*
*अ.ने किसान महासंघ(अफा)*

*सीताराम तामाङ्ग*
*अध्यक्ष*
*अ.ने.किसान महासंघ(क्रान्तिकारी)*

*लोकनारायण सुवेदी*
*अध्यक्ष*
*अखिल नेपाल किसान यूनियन*

*कृष्ण राना*
*इन्चार्ज*
*अ. ने. प्रगतिशील किसान संघ*

*२०७८ कार्तिक ४*


## जनचेतनामूलक सूचना

१. हामीले तिरेको कर हाम्रो नगरपालिकाको विकासको लागि हो । कर तिरौं नगरको विकास निर्माणमा सहभागी बनौं
२. हाम्रा प्राकृतिक स्रोतसाधनको सही सदुपयोग गरौं । सार्वजनिक ताल, पोखरी तथा मठमन्दिरलगायतको संरक्षण गरी पिर्यटन प्रवर्द्धनमा जोड दिऔं ।
३. नगपालिका क्षेत्रभित्र जथाभावी पशुचौपाया नछोडी सभ्य नागरिकको परिचय दिऔं ।
४. महिला हिंसा तथा शैक्षिक हिंसा मुक्त समाज निर्माण गरौं । बालबालिकाहरूलाई घरेलु काममा होइन विद्यालय पठ्न पठाऔं ।
५. आफ्नो वरिपरि सरकारी निकायबाट भएको विकास निर्माण सम्पन्न गर्ने कार्यको निगरानी गरौं ।

शुभविजया दशमी, दीपावली तथा छठ पर्व २०७८ को पावन अवसरमा
समस्त नगरपालिकावासीमा सुख शान्ति र समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना

**शुक्लाफाँटा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
झलारी, कञ्चनपुर

## कोरानोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं




शुभविजया दशमी, दीपावली तथा छठ पर्व २०७८ को पावन अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख शान्ति र समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थको सेवनको कुलतबाट आफू पनि बचौं ! अरुलाई पनि बचाऔं !

टिकेन्द्र महरा प्रमुख
**वंशाह सहरी स्वास्थ्य केन्द्र**
वंशाह शुक्लाफाँटा नगरपालिका-१, कञ्चनपुर

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# अमेरिकाको नाङ्गो दलालीमा देउवा, भने– 'एमसीसीमा संशोधन गर्नुपर्ने केही छँदैछैन, संशोधनविना नै पारित हुन्छ'




काठमाडौं। नेपाली कांग्रेसको सभापति समेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले अमेरिकाको नाङ्गो दलाली गरेका छन्। उनले एमसीसी जस्तो राष्ट्रघाती सम्झौता खारेज गर्नुपर्ने चौतर्फी रूपमा आवाज उठिरहेको बेला पुनः पास गर्ने बताएका छन्। उनले अमेरिकी परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) सम्झौतामा संशोधन गर्नुपर्ने विषय केही पनि नभएकोले जस्ताको जस्तै संसद्बाट पारित हुने समेत दाबी गेरका छन्। धनगढीमा शुक्रबार भएको पत्रकार सम्मेलनमा प्रधानमन्त्री देउवाले एमसिसी संशोधनविना नै पारित हुने बताएका हुन्।

सञ्चारकर्मीले राखेको 'संशोधन हुन्छ कि जस्ताको त्यस्तै पारित हुन्छ ?' भन्ने जिज्ञासामा प्रधानमन्त्री देउवाले भने, 'संशोधन गर्नुपर्ने केही छँदै छैन।' देउवाले भने, 'कसैले सित्तैमा दिन्छु भन्दा पनि चाहिएन भन्छन् यार।'

वर्ल्ड बैंक, एडिबीजस्ता दातृ निकायले दिने ऋणमा अन्तर्राष्ट्रिय कानुन लागू हुने भए पनि एमसिसी अनुदान भएकाले नेपालकै कानुन लागू हुने समेत देउवाले दाबी गरे। जब कि एमसीसी सम्झौताका अधिकांश प्रावधान राष्ट्रघाती रहेको यस क्षेत्रका विज्ञ, विश्लेषक, राजनीतिज्ञहरूले बताउँदै आएका छन्। यसको खारेजीको लागि व्यापक रूपमा आन्दोलनमार्फत् दबाब समेत सिर्जना भइरहेको छ।

एमसीसी सम्झौता चीनलाई घेर्ने अमेरिकाको इन्डो प्यासिफिक सैन्य रणनीतिको अंग भएको अमेरिकी अधिकारीहरू स्वयम्ले सार्वजनिक रूपमै भनिरहँदा नेपालका शासकहरूले भने विशुद्ध आर्थिक अनुदान भएको भन्दै भ्रामक प्रचार गरिरहेका छन्।

प्रधानमन्त्री देउवाले वैशाखमा 'अर्ली इलेक्सन' हुने-नहुने विषय गठबन्धनको निर्णयमा भर पर्ने समेत बताएका छन्। एमसीसी पारित गर्न गठबन्धनका दलहरू सहमत नभए 'अर्ली इलेक्सन'मा जाने देउवाले धम्की दिंदै आएका छन्

# ताइवान मामिलामा जथाभावी नबोल्न अमेरिकी राष्ट्रपति बाइडेनलाई चीनको चेतावनी






एजेन्सी। चीनले ताइवान मामिलामा जथाभावी नबोल्न अमेरिकी राष्ट्रपति जो बाइडेनलाई चेतावनी दिएको छ। अमेरिकी राष्ट्रपति जो बाइडेनले यसअघि चीनले हमला गरेमा अमेरिकाले ताइवानको रक्षा गर्ने बताएका थिए। बाइडेनको उक्त अभिव्यक्तिको जवाफ दिदैं चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिनले ताइवानका विषयमा बोल्दा अमेरिकाले शब्द चयनमा सतर्कता अपनाउनुपर्ने बताएका छन्।

उनले ताइवानका विभाजनकारीलाई गलत संकेत दिन नहुने बताए। यस्तो अवस्था निर्माण भएमा अमेरिका र चीनको सम्बन्धमा क्षति पुग्ने र ताइवानमा शान्ति तथा स्थिरता भंग हुनसक्ने बताए। 'ताइवान चीनको अविवादित अंग हो। ताइवानको मुद्दा पुरै रूपमा चीनको आन्तरिक मामिला हो र यसमा कुनै पनि विदेशी दखलका लागि अनुमति छैन,' नियमित प्रेस बिफ्रिङका क्रममा उनले भने।

उता अमेरिकी राष्ट्रपति जो बाइडेनले चीनले हमला गरेमा अमेरिकाले ताइवानको रक्षा गर्ने बताएका थिए। अमेरिकी राष्ट्रपतिलाई के तपाईहरू ताइवानको रक्षा गर्नुहुन्छ भनेर सोधिएको थियो। जवाफमा बाइडेनले भने, 'हो, हामी यसका लागि प्रतिवद्ध छौं।'

भर्खरै चीनले परीक्षण गरेको हाइपसोनिक मिसाइलको प्रसङ्ग जोड्दै अमेरिकी न्युज च्यानल सीएनएनको टाउनहल कार्यक्रममा एक सहभागीले बाइडेनलाई चिनियाँ सेनाको सामना कसरी गर्नुहुन्छ भनेर पनि सोधेका थिए। जवाफमा बाइडेनले भने, 'हो, उनीहरू मजबुत हुँदैछन्। तर यसैलाई लिएर निराश हुनुपर्ने अवस्था छैन। किनकी, चीन, रुस र बाँकी दुनियाँलाई विश्व इतिहासकै सबैभन्दा शक्तिशाली सेना हामीसँग छ भन्ने थाहा छ।'

यता ताइवानको राष्ट्रपति कार्यालयले विज्ञप्ति जारी गर्दै कसैको दबाबमा नझुक्ने र कसैको समर्थन मिल्दैमा हतारोमा कुनै कदम नचाल्ने प्रतिक्रिया दिएको छ। ताइवानका राष्ट्रपतिका प्रवक्ता जेवियर चेंगले भने, 'ताइवानले बलियो रूपमा आत्मरक्षा गर्नेछ।' बाइडेन प्रशासनले लगातार ताइवानलाई ठोस समर्थन दिइरहेको चेंगले बताए।

चीन र ताइवानबीच दशकौंदेखि तनाव छ। १९४० को दशकमा भएको गृहयुद्धका दौरान चीनबाट ताइवान अलग भएको थियो। ताइवानले आफुलाई स्वतन्त्र देश मान्ने गरेपनि चीनले यसलाई आफ्नो स्वायत्त प्रान्तका रूपमा हेर्छ। उसले आवश्यकता परेका बेला बल प्रयोग गरेर यस प्रान्तलाई नियन्त्रण लिन सकिने जनाएको छ।

ताइवानको आफ्नै संविधान, लोकतान्त्रिक रूपले चुनिएका नेता र झन्डै तीन लाख सक्रिय सैनिक छन्। ताइवानलाई केही देशले मात्रै मान्यता दिएका छन्। अमेरिकाले पनि ताइवानसँग आधिकारिक रूपमा कुटनीतिक सम्बन्ध राख्दैन। तर, ताइवान रिलेसक्स एक्टअन्तर्गत उसले हतियार बेच्छ। अमेरिकाले ताइवानको आत्मरक्षाका लागि आवश्यक सहयोग दिने विषय यस एक्टमा उल्लेख छ।

पछिल्लो समय चीन र ताइवानबीच एकपटक फेरि गहिरो तनाव देखिएको छ। लगातार ताइवानको हवाई क्षेत्रमा हस्तक्षेप गरेपछि चिनियाँ नेताहरूले ताइवानलाई एकिकरण गर्ने बताएका थिए। चिनियाँ राष्ट्रपति सी जिनपिङले ताइवानको एकिकरण पूरा हुनुपर्ने बताएका थिए।

सीले एकिकरण शान्तिपूर्ण रूपमा हुनुपर्ने बताउँदै आएका छन्। चिनियाँ जनतामा विभाजनकारी तत्वको विरोध गर्ने एक 'महान् परम्परा' रहिआएको उनले बताएका थिए। जवाफमा ताइवानले आफ्नो भविष्यमा आफ्ना जनताको हातमा रहेको प्रतिक्रिया दिएको थियो।

ताइवानका राष्ट्रपति साई इंग वेनले ताइवानले आफ्नो सुरक्षा बलियो बनाउने बताएका थिए। चीनले ताइवानलाई आफ्नो नियन्त्रणमा लिएमा यसको परिणाम विनाशकारी हुने उनले बताएका थिए। चिनियाँ जनमुक्ति सेनाले अक्टुबर महिनाको पहिलो चार दिन झन्डै १ सय ५० वटा लडाकु विमान ताइवानको हवाई क्षेत्रमा पठाएको थियो।

बाढी पहिरो अपडेट

## १०४ जनाको मृत्यु, ४१ जना घाइते, ४१ जना बेपत्ता



काठमाडौं। आइतबारदेखिको अविरल वर्षाका कारण देशका विभिन्न जिल्लामा गएको बाढी तथा पहिरो र डुबानका कारण मृत्यु हुनेको संख्या १०४ पुगेको छ भने ४१ जना घाइते भएका छन्। गृह मन्त्रालयका अनुसार ४१ जना बेपत्ता भएका छन्।

गृहमन्त्रालयको तथ्यांक अनुसार सबैभन्दा बढी प्रदेश नम्बर १ मा ६२ जनाको मृत्यु भएको छ। यस्तै २० जना घाइते र १३ जना बेपत्ता छन्।

यसैगरी प्रदेश २ मा १ जना बेपत्ता हुँदा बागमतीमा प्रदेशमा १ को मृत्यु १ जना बेपत्ता भएका छन्। यसैगरी लुम्बिनीमा ३ जनाको मृत्यु हुनुका साथै २ जना बेपत्ता भएका छन् भने कर्णालीमा ७ को मृत्यु हुनुका साथै ४ जना घाइते र १ जना बेपत्ता छन्।

यसैगरी सुदूरपश्चिममा ३१ जनाले बाढी पहिरोबाट ज्यान गुमाएका छन् भने १७ जना घाइते भएका छन्। यस्तै २३ जना अझै बेपत्ता छन्। प्रहरीले प्रभावित क्षेत्रमा उद्धारको कार्य जारी रहेको जनाए पनि समयमै राज्यले उद्दार, राहत र पुनर्वासको व्यवस्था नगर्दा मृत्युको संख्या बढिरहेको र पीडितहरूको अवस्था झन् कष्टकर बनेको पीडितहरूको गुनासो आइरहेको छ।

## कांग्रेसी नेताहरुको दिल्ली दौडाहा




काठमाडौं। राजनीतिक उतारचढावसँगै नेपाली राजनीतिक दलका नेताहरूको भारत दौडाहा सुरु हुन्छ। नेपालको घरेलु राजनीतिमा मात्रै होइन यहाँका दलहरूको आन्तरिक राजनीतिमा समेत भारतले आफ्नो भूमिका देखाउने गरेको छ।

आफू निकट नेतालाई दलको नेता बनाउने, चुनावमा जिताउने तथा मन्त्री प्रधानमन्त्री बनाएर नेपालमा आफ्नो स्वार्थको व्यवस्थापन गर्दै आएको भारतले नेपाली कांग्रेसभित्रको आन्तरिक राजनीतिमा समेत हात हालेको छ। कांग्रेसको अधिवेशन नजिकिदै जाँदा कांग्रेसका नेताहरू पालै पालो दिल्ली दौडाहामा लागेका छन्।

शनिबार (आज) नेपाली कांग्रेसका महामन्त्री डा. सशांक कोइराला दिल्ली उड्दैछन्। कोइरालासँगै काँग्रेस संखुवासभा सभापति दीपक खड्का पनि जाने बताइएको छ। महाधिवेशनको मुखमा यसअघि उपसभापति विमलेन्द्र निधि काठमाडौंबाट नउडेर भारतको सिलिगुडीस्थित बागडोग्रा विमानस्थल भएर नयाँ दिल्ली गएका थिए भने सह महामन्त्री प्रकाशशरण महतको टोली केहीदिनअघि मात्र दिल्ली पुगेर फर्किएको छ।

## भीमबहादुरको हत्याका दोषीलाई हदैसम्मको कारबाही गर्न दलित मुक्ति मोर्चाको माग



काठमाडौँ – नेपाल दलित मुक्ति मोर्चाले चितवनका भीमबहादुर विश्वकर्माको जघन्य हत्यामा संलग्नलाई कडा कारबाहीको माग गरेको छ। मोर्चाको केन्द्रीय कार्यकारी संयोजक टेक बहादुर विश्वकर्माले विज्ञप्ति जारी गर्दै भीमबहादुर विश्वकर्माका हत्याराहरू माथि हदैसम्मको कारबाही गर्न/गराउन तथा मृतक विश्वकर्माको परिवारलाई यथोचित क्षतिपूर्ति तथा सुरक्षा प्रदान गर्न नेपाल सरकार समक्ष जोडदार माग गरेको हो।

यही २०७८ असोज २८ गतेका दिन चितवन जिल्ला वडा नं. ४ दुर्गाचोकमा अवस्थित दुर्गा मन्दिरमा हामीले पनि बोकाको बली दिन पाउने कि नपाउने ? भनेर प्रश्न गर्ने भीमबहादुर विश्वकर्मालाई स्थानीय सीताराम बस्नेतले मन्दिर प्रवेशको माग प्रति असहमति जनाउँदै पाइपले कुटपिट गरेका थिए। कुटाइबाट घाइते भएका भीमबहादुर विश्वकर्मालाई स्थानीय फार्मेसीका संचालक दिलिप श्रेष्ठ समेतले मुक्का प्रहार गरेका थिए। पाइप एवम् मुक्का प्रहारबाट सख्त घाइते भई बेहोस भएका विश्वकर्मालाई उपचारार्थ चितवन मेडिकल कलेज, भरतपुर पुऱ्याउँदा हस्पिटलका डाक्टरहरूले निज विश्वकर्मालाई मृत घोषणा गरेका थिए।

नेपालमा जनवादी राज्य व्यवस्था स्थापना गर्ने लक्ष्यका साथ संचालित दशवर्षे जनयुद्धका दौरानमा न्युनिकरण भएको जातीय भेदभाव तथा छुवाछूतका घटनाहरू जनयुद्धले सेटब्याक खाएसँगै पुनः विभिन्न रूपमा देखा परिरहेको छ। वर्तमान प्रतिक्रियावादी संसदीय व्यवस्थाले सामन्ती व्यवस्थाद्वारा अंगालिएको सबै कुप्रथालाई बोकेर हिडिरहेको छ। 'जातीय छुवाछूत अन्त्य गरि समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चितता गर्ने साथै समाजवाद प्रति प्रतिबद्ध रहि समृद्ध राष्ट्र निर्माण गर्ने' जस्ता शव्द २०७२ को संविधानमा प्रयोग गरिएको भएता पनि उक्त शव्दजाल नेपाली जनतालाई भ्रम छर्न मात्र उपयोग गरिएको प्रष्ट हुन पुगेको छ।

दिनप्रतिदिन गम्भीर बन्दै गइरहेको जातीय भेदभाव र छुवाछूतका कारण हुने सबै समस्या अन्त्य गर्ने एकमात्र विकल्प जनगणतन्त्र प्राप्तिको बाटोमा अघि बढ्नु न्यायप्रेमी जनताको एकमात्र उत्तम विकल्प रहेको थप प्रष्ट हुन पुगेको मोर्चा कार्यकारी संयोजक टेक बहादुर विश्वकर्माव्दारा विज्ञप्ति मार्फत जनाइएको छ।

# पछि पर्नुको हाम्रो मूल कारण परनिर्भरताको कठोर पासो



● लोकनारायण सुबेदी ●

*तल भुईं तहदेखिकै जनतामा केन्द्रित बिकास रणनीति र कार्य योजना अघि नसारिएसम्म, जनतालाई श्रोत साधनको स्वामित्व प्रदान गर्ने र त्यसको परिचालन, प्रगति र परिणामको प्रष्ट, प्रत्यक्ष सहभागी बनाउने बाटो न पक्रिएसम्म हाम्रो राष्ट्रिय बिकासले फेरि पनि सही दिशा र गति लिन सक्ने छैन । यो फेरि पनि जनतालाई दीनहीन राख्ने र एउटा बिलाशी शासक बर्गीय गतिबिधिकै वरीपरी केन्द्रित र सीमित रहन पुग्दछ । अनि यही अबस्थालाई आफ्नो स्वार्थ साधना गर्ने हिसावले बाह्य शक्तिहरू पनि जमजमाउँदछन् र अहिलेसम्म त्यसरी नै प्रस्तुत हुँदै आएका छन् । त्यसै कारणले दर्जनौ दातृ संस्थाहरू, हजारौ हजार आईएनजिओहरू सहीत नेपालको शासक बर्गले बिकासको ठूलो डंका पिट्ने र होहल्ला चलाउने गरे पनि कुनै सार्थक र अग्रगामी परिणति आउन सकेको छैन र यसरी कदापि आउँदा पनि आउदैन । अनि यसले जनतामा बिकासमा सहभागीताको सुनिश्चिता र सार्थक परिणामको आशा तथा आत्म बिश्वास जगाउन पनि सक्तैन । संगठित, सक्रिय र सार्थक जन सहभागिता र जन स्वामित्वसहितको जनताका बस्तुगत आवश्यकतामा आधारित अपूर्व बिकास नीति आजको हाम्रो राष्ट्रिय आवश्यकता हो । अन्यथा फेरि पनि हामी अरु अरु देशका र हाल आएर दुइ बिशाल छिमेकी देश - चीन र भारतका बिकासका कथा सुन्दै सस्तो श्रम र प्राथमिक कच्चा पदार्थ मात्र निर्यात गर्ने नाजुक स्थितिमै सीमित रहिरहने र अझ कहालीलाग्दो स्थितितिर धकेलिने छौं । अनि यस्तो कमजोर स्थिति जहिले पनि बाह्य शक्तिको क्रिडास्थल र अखडा बनिरहने उर्बभर भूमि बाहेक अरु केही हुन सक्तैन । आबश्यकता सर्ब प्रथमतः आज यस स्थितिबाट मुक्त हुनु छ*

हाम्रो देश नेपाल भौगोलिकरूपले रणनीतिक महत्वको स्थानमा अबस्थित रहेकाले पनि यो बाह्य शक्तिहरूको क्रिडास्थल बन्दै आएको कुरा जग जाहेर छ । फलतः नेपालले हिजोदेखि आजसम्म राजनीतिक, आर्थिक, समाजिक तथा साँस्कृतिक अनेक समस्या बेहोर्नु परिरहेकोछ । अहिले पनि नयाँ सँस्करणमा त्यो स्थिति कायमै रहेको छ । त्यसै बाह्य दबाब र प्रभावले गर्दा समेत नेपालको राजनीतिमा अनेक अपूर्व बिकृति र बिसंगति उत्पन्न भएका छन् । अनि बिकासमा पछि पर्नुको एउटा प्रमुख कारण पनि यही नै बनेको छ । त्यसैले नेपाल आज पर निर्भरताको पासोमा उम्किनै नसक्ने गरी परिरहेको यथार्थ छ । बर्षौंदेखि बिकासको कुरा चलाईने गरेको भए पनि नेपाल बिश्वमा एउटा दीनहीन देशकोरूपमा रहिरहनुको एउटा प्रमुख कारण नै यही हो ।

हाम्रो देश प्राकृतिक बिबिधिता, जैबिक बिबिधिता, जातीय तथा साँस्कृतिक बिबिधता आदिका हिसाबले एक सुन्दर बहु सम्भावना भएको देश हो । मूलतः यस देशको बिकासका आधारहरू पनि यी नै कुराहरू हुन् । तर यी श्रोतहरूलाई आफ्नै साझा राष्ट्रिय हित र सम्बृद्धिका लागि सही किसिमले परिचालन गर्ने परम्परा नै नेपालका अहिलेसम्मका शासकहरूले बसाल्न सकेनन् या बसाल्न चाहेनन् । तर बिदेशीहरूले यी नै हाम्रा प्राकृतिक र मानबीय सम्पदा तथा श्रोतमाथि आँखा गाडेका छन् । यी कुराहरूलाई आफ्ना हितमा उपयोग गर्न खोजेका छन् । बस्तुतः नेपालसँगको उनीहरूको सम्वन्धको मूल आधार नै यही हो । चाहे कसैले प्रत्यक्षरूपमा यो स्वीकार गरोस् या परोक्षरूपमा तर बास्तबिकता यही नै हो ।

बास्तवमा नेपाललाई जतिसकै स्वतन्त्र र स्वाधीन भने पनि बर्षौंदेखि यो देश औपनिवेशक दोहनको शिकार भइरहेको छ र त्यसकै मारमा परेर निर्धनतम देश बन्दै आएको कुरा कसैमा लुकेछिपेको कुरा छैन । हुन पनि ०७ सालअघि बृटिश-भारतको बेलायती साम्राज्यको एकाधिकारका रहेको देश ०७ पछि पनि त्यसबाट मक्त हुन सकेन । नेपाल भारत सम्वन्धले सही दिशा र गति लिन नसक्नु पछाडिको अहिलेसम्मको कारण नै त्यही हो । जबसम्म यो कुरालाई प्रष्टरूपमा स्वीकारेर यसको सही उपचारको खोजी गरिदैन तबसम्म देशले काचुँली फेर्ने कुरा फेरि पनि 'मृग मरीचिका' नै बन्ने छ । अहिलेसम्मको तीतो यथार्थको अनुभवले यो कुरा एकदमै प्रष्ट पारिसकेको र पारिरहेको छ ।

यसै कारणले हाम्रो राष्ट्रिय बिकासको सही रणनीति र कार्य योजना बन्न सकेन र बिकासलाई केवल शासकीय दृष्टिले मात्र हेर्ने र यसलाई शासक बर्ग र तिनका आसेपासेहरूको 'पकेट मोनी अर्थतन्त्र'मा परिणत गर्ने आजसम्मको अबस्था रहँदै आयो । फलतः राष्ट्र र जनताको सम्पत्तिमाथि केही मुठ्ठीभर मानिसको लागि खेलबाड गर्ने बिषय बन्यो र बनाइदै आयो । त्यसका लागि बिदेशीको निर्देशन र अक्कल बिनाको नक्कल गरेर बेला बेलामा जे जे नारा ज-जसले दिए पनि वास्तविक यथार्थ परिणामले नेपाललाई एउटा गरीब र कमजोर राष्ट्रकोरूपमा खडा गरिदियो । यसले गर्दा हाम्रो राष्ट्रिय क्षमताको अभिबृद्धि हुन सकेन । बस्तुतः यही नै आज हामीले भोगिराखेको र अनुभव गरिराखेको नेपाली समाज हो र एउटा कुण्ठित समाज हो ।

बस्तुतः हाम्रो ब्यापार घाटालाई मात्र सर्सरी हेर्दा पनि यो यो सम्पूर्ण राष्ट्रिय बजेटको समानान्तर बन्न पुगेको भयावह स्थिति छ । कृषि प्रधान देश भनिए पनि कृषि क्षेत्र तिरष्कृत र कुण्ठित भएर अनाकर्षक र गतिहीन बनेको छ । त्यसले गर्दा बाहिरबाट अर्बौं अर्बको खाद्यान्न, तरकारी, फलफूल, दूध तथा मासुजन्य पदार्थ हाम्रो देशले आयात गर्नु परिरहेको छ र गरिरहेको छ । कृषि कर्म र क्षेत्र नै लगानी नउठ्ने र संकटको सामना गरिरहेको क्षेत्र बनिरहेको छ । यस क्षेत्रलाई जगाउने, उठाउने र अघि बढाउने बिश्वासिलो जग नै बस्न सकेको छैन । जसले गर्दा कृषि क्षेत्रमा धेरथोर बिकसित भएको या अबलम्बन गरिएको प्रबिधिले पनि पूर्णरूपले काम गर्न सकेको या गर्न पाएको छैन । त्यसैले अधिकतम श्रमभार ब्यहोरिरहेको कृषि क्षेत्रमा लागेका मानिसहरूकै यो पहिलो क्षेत्र बन्न सकिरहेको छैन । यूबा शक्ति बिदेश पलायन हुनुको पृष्ठभूमि नै मूलतः यही हो ।

त्यसैले तल भुईं तहदेखिकै जनतामा केन्द्रित बिकास रणनीति र कार्य योजना अघि नसारिएसम्म, जनतालाई श्रोत साधनको स्वामित्व प्रदान गर्ने र त्यसको परिचालन, प्रगति र परिणामको प्रष्ट, प्रत्यक्ष सहभागी बनाउने बाटो न पक्रिएसम्म हाम्रो राष्ट्रिय बिकासले फेरि पनि सही दिशा र गति लिन सक्ने छैन । यो फेरि पनि जनतालाई दीनहीन राख्ने र एउटा बिलाशी शासक बर्गीय गतिबिधिकै वरीपरी केन्द्रित र सीमित रहन पुग्दछ । अनि यही अबस्थालाई आफ्नो स्वार्थ साधना गर्ने हिसावले बाह्य शक्तिहरू पनि जमजमाउँदछन् र अहिलेसम्म त्यसरी नै प्रस्तुत हुँदै आएका छन् । त्यसै कारणले दर्जनौ दातृ संस्थाहरू, हजारौ हजार आईएनजिओहरू सहीत नेपालको शासक बर्गले बिकासको ठूलो डंका पिट्ने र होहल्ला चलाउने गरे पनि कुनै सार्थक र अग्रगामी परिणति आउन सकेको छैन र यसरी कदापि आउँदा पनि आउदैन । अनि यसले जनतामा बिकासमा सहभागीताको सुनिश्चिता र सार्थक परिणामको आशा तथा आत्म बिश्वास जगाउन पनि सक्तैन । संगठित, सक्रिय र सार्थक जन सहभागिता र जन स्वामित्वसहितको जनताका बस्तुगत आवश्यकतामा आधारित अपूर्व बिकास नीति आजको हाम्रो राष्ट्रिय आवश्यकता हो । अन्यथा फेरि पनि हामी अरु अरु देशका र हाल आएर दुइ बिशाल छिमेकी देश - चीन र भारतका बिकासका कथा सुन्दै सस्तो श्रम र प्राथमिक कच्चा पदार्थ मात्र निर्यात गर्ने नाजुक स्थितिमै सीमित रहिरहने र अझ कहालीलाग्दो स्थितितिर धकेलिने छौं । अनि यस्तो कमजोर स्थिति जहिले पनि बाह्य शक्तिको क्रिडास्थल र अखडा बनिरहने उर्बभर भूमि बाहेक अरु केही हुन सक्तैन । आबश्यकता सर्ब प्रथमतः आज यस स्थितिबाट मुक्त हुनु छ ।

बिकासका सन्दर्भा पहिलो कुरा माथि उल्लेख गरियो भने दोश्रो कुरा यस प्रकार उल्लेख गर्न सकिन्छ – देश गलत राजनीतिक ब्यवस्था, संकीर्ण राजनीतिक स्वार्थ र गैर जिम्मेवार राजनीतिक प्रबृत्तिका कारण पछि परेको कुरा अब मध्य दिउसोको घाम जत्तिकै छर्लङ्ग भइसकेको छ । धेरै अगाडिका कुरा नगरेर २००७ यतादेखिको राजनीतिक परिवर्तनको उतार चढावलाई मात्र सर्सरी केलाए पनि यो यथार्थ राम्रोसँग प्रकट हुन्छ । तर लाज पचेर नकच्चरो भएपछि यी कुनै कुराले असर पार्दैन र देश र जनताप्रतिको जिम्मेवारी बोधको हुटहुटी पनि पैदा गर्दैन । हुन पनि जसले देशको श्रोत साधन अर्थात् उपलब्ध सस्तो कच्चा पदार्थ र सस्तो श्रमको दुरूपयोग गरेर कुम्ल्याए आज तिनीहरू कि त चुपचाप छन् कि त यसो गर्ने उसो गर्ने भनेर अर्ति-उपदेश दिन तम्सिने गर्दछन् । जसको कुनै औचित्य र सान्दर्भिकता नै छैन ।

सात दशक अघि २००७ सालको दशकदेखि बिकास यात्रामा सँगसँगै हिडेका आफ्ना जोडिएका र निकट छिमेकी देशहरू कहाँ पुगे र हामी कहाँ पुगेका छौं त्यो हेर्दा हाम्रो श्रोत साधन परिचालन गर्ने नेतृत्व कति कमजोर, कति अदूरदर्शी, कति गैर जिम्मेवार र कति बेइमानी रहेछ भन्ने कुरा एकदमै प्रष्ट हुन्छ । यस कुरामा अरु कतैतिर कसैलाई दोष दिएर पञ्छिने कुनै ठाउँ नै छैन । तर हाम्रो देशको अहिलेसम्म नेतृत्व गर्ने बिबिध रूप रंगको तर एउटै धरातल र प्रबृत्तिको शासक बर्गले आफुले देश र जनताप्रति समर्पित भएर सही दिशाबोधका साथ काम गर्न नसकेको र सीमित र संकीर्ण स्वार्थले गर्दा बिकास सँस्कृति र चेत नआएको बस्तुगत यथार्थलाई स्वीकार्न सकेको या त्यसो गर्न न चाहेको प्रष्ट भइसकेको र भइरहेको छ ।

वास्तवमा जबसम्म हामीले कुन कुन कारणले, कसरी र कहादेखि बाटो बिरायौं भन्ने कुराको खोजी गर्दैनौ तबसम्म समग्र बिकास सँस्कृतिको सही दिशामा अघि बढ्नै सक्दैनौ । त्यस्तो अबस्थामा हाम्रा अमूल्य श्रोत साधनहरू – प्राकृतिक, साँस्कृतिक र मानबीय सबै - या त त्यसै खेर जान्छन् या त सीमित स्वार्थमा प्रयुक्त हुन्छन् । स्वाभावतः केही सीमित र सानो समूहका ब्यक्तिहरू सम्पन्नताले मोटाउँदछन् भने अरु बाँकी सबै बिपन्नताले झनपछिझन दुब्लाउदै जान्छन् । अनि जतिसुकै बिकास संरचना र संयन्त्र खडा गरे पनि र त्यसका लागि जतिसुकै बजेट बितरण गरे पनि त्यो बहुसंख्यक आम जन समुदायका लागि अर्थहीन र निष्कृय बन्दछ । अहिलेसम्मको हाम्रो बिकास योजनाको बस्तुगत यथार्थ परिणामले दर्शाएको अन्तिम सत्य यही नै हो । यो बिकासले जनतालाई आफ्नो बिद्यमान नाजुक स्थितिबाट अझ तल तल झार्ने र बिस्थापित गराउने बाहेक केही पनि गर्दैन । अहिलेसम्मको स्थिति बिकासले औल्याएको कटु यथार्थ सत्यतः यही नै हो । त्यसैल हाम्रो बिकास नीति, बिधि र थिति तल भुइका जनतलाई एकजुट पार्ने, बिकासको प्राथमिक र द्वितीय श्रोत साधनको स्वामित्व प्रदान गर्ने र त्यसको रक्षा गर्दै अझ उच्च चरणमा लैजान जनतालाई नै सुम्पने बाटो अख्तियार गरिनु पर्दछ । आत्मनिर्भर र समुन्नत भएर परनिर्भताको पासोबाट मुक्त हुने बाटो यही नै हो । अन्यत्र भौतारिएर देश र जनताको बिकास कदापि हुन सक्तैन भन्ने कुरा अनुभवले सिद्ध गरिसकेको छ । अब पनि नचेत्नु मूर्खता र दासताको जञ्जालमा फँस्ने सीवाय अरू केही नहुने अँध्यारो सुरूङको प्रबेशद्वारमा हामी पुगिसकेको अबस्था बाहेक अरू कुनै निष्कर्श निस्कँदैन ।


## हार्दिक शुभकामना

शुभविजया दशमी, दीपावली तथा छठ पर्व २०७८ को पावन अवसरमा समस्त ग्राहकवर्गहरु र नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख शान्ति र समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सुरेश घिसिङ**
प्रबन्ध निर्देशक
९८५११६१०५४

**तेन्डल हार्डवेयर प्रा.लि. परिवार**
जि.पि.ओ. बक्स नं. ८८६, बनेपा-७, काभ्रे नेपाल
फोन नं. ०११-६६०१८४, ६६००६१
इमेल : tnbetharbware2019@gmail.com
www.tendelgroup.com

निर्माण सामग्री तथा मेशिनरी सामानहरूको थोक तथा खुद्रा बिक्रेता



## हार्दिक शुभकामना

शुभविजया दशमी, दीपावली तथा छठ पर्व २०७८ को पावन अवसरमा समस्त गाउँपालिकावासी तथा नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख शान्ति र समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै मादक पदार्थको सेवनको कुलतबाट आफू पनि बचौ ! अरूलाई पनि बचाऔं !

**जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं**

*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*

जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

धनबहादुर थापा क्षेत्री
अध्यक्ष

**बेलडाँडी गाउँपालिका परिवार**
**गाउँ कार्यपालिकाको कार्यालय**
बेलडाँडी, कञ्चनपुर
७ नं. प्रदेश, नेपाल

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

# सम्झनाको तरेलीमा सिन्धुलीगढी



साँच्चै हिजोभन्दा आज देश परिर्वतन भएको छ। गाउँ सजिएको छ। शहर फेरिएको छ। जताततै एउटै आवाज उठिरहेको छ, एउटै धुन बजिरहेको छ। सुदुरपश्चिम कन्चनपुर, डँढेल्धुरा र महाकाली नदी पार गर्दा पनि उही गीत गुञ्जिन्छ। उही गणतन्त्रको गीत। कर्णाली र राप्तिका छालसङ्गै तैरिँदा पनि उही ताल बजिरहन्छ आजादिको। अनि कालीगण्डकी र धौलागिरीसँगै यात्रा गर्दा कुनै प्रश्न सोध्छ सुनिश्चितताको। राती निद्रा पर्दैन अब के हुने हो ? साँच्चै एकटालो कपडा लगाउन नपाउने एकगास रोटी खान नपाउने गरिबको समस्या पूरा भयो त ? फेरि कतै कालो बादल आएर घपक्क छोप्ने पो हो कि ? कतै चैते चरीझैं साँझ एउटा भाखा बिहान अर्को भाखाको गीत पो गाउने हो कि ? के भरोसा छ र यो स्वार्थी दुनियाँमा। यस्तै मनमा आकांक्षाको कुहिरो मडारिन्थ्यो। हामी वर्गीय पक्षधरतामा मुखरित मान्छेहरू जितमा मात्तिन्नौं, हारमा आत्तिनौं। यो सत्य कुरा हो र तरङ्गित पनि कुनै हालतमा हुन्नौं। उहिले पनि हुँदैनथ्यौं। बरु निरन्तर अभियानमा खटिरहन्थ्यौं नबिसाएर सुदुरपश्चिम र मध्यपश्चिमतिर।

पश्चिमको भूगोलसँग त हाँस्यौँ खेल्यौँ जीवनका अनगिन्ती मोड हाँसो, रोदन, भोक र प्यास सबैसबै खेप्यौँ। परिवर्तित समयसँगै बलिदान, त्याग, तपस्या अनि कलागला सबैसबै मिसायौँ हार्मोनियम र मादलको मीठो ध्वनीसँग हातेमालो गर्दै अत्याचारले पिल्सिएका गरिबहरूको दुखेसो, विधुवा आमा दिदीहरूको कथा-ब्याथा हृदयको पानामा बदलाभावका साथ कैद गऱ्यौं। अब पूर्वतिर पनि एकपटक अभियान चलाउन पाए ! यो मन कति खुसी हुन्थ्यो। मनमा आफसे आफ प्रश्न उठ्थ्यो। मगर सांस्कृतिक परिवार केन्द्रीय टोली कार्यक्रमकै सिलसिलामा चितवन पुगेको थियो। आफ्ना कोसेलीहरू च्यारेटी सोमार्फत् प्रस्तुत गर्दै। एकदिन बिहान पूर्वतर्फ क्षितिज खुल्नु अगावै पूर्वको सिन्धुली पुग्ने निर्देशन आयो। बिहान ८ बजेतिर गाडी चढ्यौं सिन्दुली पुग्ने दिव्य आशासँग। गाडी भने आफ्नै रफ्तारमा हुइकिरहेको थियो। पक्कि सडक कुनै रोकिनु छैन कति वेला खोला किनारको बाटो, त कति वेला तराइका फाँट हुँदै। लगभग ८/९ घण्टाको यात्रापछि सिन्धुलीको सदरमुकाम सिन्धुलीमाडीमा पुगेर रोकियो गाडी। त्यहाँ सिन्धुली महोत्सव भब्यरूपले मनाइँदै थियो। विभिन्न खालका खेलहरू राखिएको थियो। मान्छे भुलाउनलाई अर्थ संकलन गर्नलाई। त्यता हैन यता राम्रो छ खेल। यस्तै माइकबाट आवाज आउँथ्यो राम्रो त के हुँदो हो पैसा कुम्ल्याउने लोभमा राखिएका त भए। बरु त्यही जिल्लाको उत्पादित जुनार बोटसँग ठड्याएर राखिएको त्यही थियो त्याँहाको वास्तविक आकर्षण।

२०६४ साल पुस २८ गते महोत्सवमा १ घण्टा कार्यक्रम दिने जानकारी आयो टिमकमाण्डरबाट। सोहीअनुसार तयारी गऱ्यौँ। एउटा सानो होटेलमा बसेका थियौँ। सबैले ड्रेश लगाएर बजारको बाटो हुँदै मञ्चतिर लम्कियौँ। कयौँ मान्छेहरू हाम्रो पिछा लागिरहेका थिए भने एकाध मान्छेहरू के नै गर्न सक्लान र यिनीहरूले भनेर पत्याएका थिएनन्। उनीहरूलाई मन पर्थ्यो काठमाण्डौको रेष्टुराँहरूमा नाङ्गै अङ्ग प्रदर्शन गर्ने, नग्न संस्कृतिमा रम्ने कलाकार हामी पऱ्यौँ। छाडा सस्कृतिको ध्वँश गर्ने वर्गीय हितका कलाकार। खडेरीमा फूल फुलाउने, मझेरीमा दीप बलाउने सत्य मानवताको रक्षा गर्ने लोपोन्मुख संस्कृतिको उजागर गर्दै हिँड्ने सांस्कृतिक सिपाही थियौँ हामी। त्यसैले त गाउथ्यौँ-

*रक्ताम्य भएर क्षितिज खुलेको,*
*लोकतान्त्रिक गणतन्त्रको लाली चढेको,*
*बिहानी उदाउँदा झन् कति रमाईलो।*

मान्छेहरू हामीप्रति आर्कषित हुन्छन्। एकाध मन नपराउने मान्छेहरू पनि मौनधारण गर्न थाले। त्यो त केका निम्ति गरे मलाई थाहा भएन। हामी भने एकघण्टाको समयलाई एक सेकेन्ड पनि विश्राम गरेनौँ। कहिले मयुरको प्वाँख र लट्ठीले मञ्चनै भत्किएलाझैँ गरी नाच्छौँ। जनताको आफ्नै भाकामा सजिएका गीत संगीत सुनाउँदै जाँदा जनताको अनुहारमा खुशी पलाएको थियो। समयले डाँडा काटिसकेछ कार्यक्रमको अन्त्य गऱ्यौँ।

हामीसँग मगर मोर्चाको सिसिएम सिमा दिदी हुनुहुन्थ्यो त्यही जिल्लाको बासिन्दा। भाइ बहिनीहरू सिन्धुलीगढी घुम्न जाने हो ? उहाँको प्रश्न मुखबाट खस्न नपाउँदै एउटै आवाजमा एकस्वुमा जवाफ आयो 'हँ जाने हो।' अनि एउटा मिनी बस रिजर्भ गरेर यात्रा सुरु गऱ्यौँ। बाटो भने धेरै घुम्ती रहेछ। मेरो त आँखा रिङाएर हैरान परेकी थिएँ। जीउ गलेको थियो। बोल्ने मन नै लागेन। मलाई देखेर साथीहरू हाँस्नुहुन्थ्यो। करीब एकघण्टाको दौडपछि गढीको नजिकै पुगेछौँ। एकएक वटा जुनार किनेर खायौँ अनि ढिलो नगरीकन गढीस्थानतिर उक्लियौँ।


हिउँदको तुषारोले होला जताततै वातावरण सुख्खा देखिन्थ्यो। डाँडाहरू पनि ओठ सुकेजस्तै फुस्रो-फुस्रो देखिन्थ्यो। त्यहाँका बनमारा र पाती पनि सुकेर कहिले नपलाउलाझैँ देखिन्थ्यो। दिदीले त्यहाँको यथार्थता बुझउँदै जानुहुन्थ्या, पहिला त यहाँ सदरमुकाम थियो। यो कारागार, यो सीडीयो कार्यालय आदि भत्केका घरहरू देखाउँदै जानुहुन्थ्यो। हामी हाम्रा मष्तिष्कमा रेकर्ड गर्दै हिँड्थ्यौँ। ठीक दाँया साइडमा माऊ बिनाको चल्लाझैँ लामलामा सुकेका पाती र बनमारा बिचमा एउटा सानो घर जलेको देखाउँदै भन्नुभयो- 'यहि घर हो २०५२ साल फाल्गुन १ गते ध्वस्त भएको। नरभक्षी दानवहरूको चौकी। यहिँबाट महन् जनयुद्ध थालनी भएको हो। जनयुद्धको यो कार्बाहीमा महिला म एक्लै थिएँ। म यो बाटो आएकी बन्दुक र ग्रनेडसँग। अनि कमाण्डरबाट कासन आयो सुनसान वातावरण एकछिनमै रणसंग्राममा परिणत भयो। धर्ती स्तब्ध रह्यो। आकाशमा ताराहरू तिलमिलाइरहन्थे, प्रहरी चौकीमा आगोको धुवाँ उडिरहेको थियो। हामी भने हाम्रो मिसन पूरा गरेर जनयुद्ध जिन्दावादका नारा घन्काउँदै रातारात लामो दूरी पार गऱ्यौँ। बिहानको समाचार सुन्यौँ रोल्पाको होलेरी, रुकुमको राडी, सिन्धुलीको सिन्धुलीगढीमा माओवादीले पहिलोचोटी आक्रमण गरेको प्रचार गर्छ। हामी खुल्ला दिलले खुल्ला आकासमुनि खुशियाली मनाइरहेका थियौँ जनतासँग।' दिदी प्रसन्न भएर आफ्नो अनुभूति सुनाउनु भयो। साँच्चैं उहाँ जनयुद्ध सुरुवातको एक पहिलो महिला नेतृत्व हुनुहुन्थ्यो र हुनुहुन्छ आजसम्म पनि। उहाँका विचार कहिल्यै मरेनन्। न त आस्था नै झुके जीवनमा अनकन्टार चट्टानहरू फोर्दा हातमा ठेला कति उठ्यो होला, काँडाले कति रोप्यो होला। सानो बाबु छोडेर गोलीको निशानी बन्दै भिडिरहँदा कति मन रोयो होला। व्यख्या गरेर साध्य नै छैन। सीमा दिदीको चाहाना भनेको नै नेपाली धर्तीमा महङ्गो हीरा फलाउने, बेरोजगारीलाई रोजगारी दिलाउने, अँध्यारो साम्राज्यलाई चिरेर समृद्ध नेपाल बनाउने हो। दिदीको कुरो सुन्दा गर्वले छाती फुल्थ्यो।

सुन्थे जनयुद्ध त दुश्मनहरूको लागि विशालु चिज हो रे। पश्चिममा एउटा ग्रीनेड पड्क्यो भने पूर्वमा दुश्मनको रुवाबासी हुन्छ रे। पूर्वमा एउटा पुलीस मऱ्यो भने पश्चिममा चौकी आफै उठीबास हुन्छ रे। यहि कुरा सुन्थेँ म स्कूलेजीवनमा। हुन पनि यस्तै भयो। एकैरातमा एकैचोटी भूकम्प नगएको भए ठगीखाने शाषकवर्ग झुक्ने थिएन। दुःखीको सुदीन आउने थिएन। आखिर सत्य, सत्य भएरै छाड्यो। सूर्यले सँध्याको संकेत दिइरहेको थियो। फुस्रो रनवनहरू अँध्यारो देखिन थाले। ग्वाला लागेका मान्छेहरू बाख्रा धपाउँदै गोठतिर पस्न थाले। अनि सीमा दिदी र हामी सिन्धुलीगढीलाई सम्झनाको मझेरीमा नचाउँदै फर्कियौँ बासस्थानतिर। *२०६८ पागुन*

---

## ❑ साताको कविता

### शोक गीत




❑ प्रमोद घिताल ❑

युद्धमा लड्दालड्दै
हिमालझैं गह्रौं मृत्युवरण गर्दा उसले
म त्यति शोकले पराजित भइन होला
सँगै हिँडेका सहयोद्धाहरू
हराउँदा यात्राबाटै म त्यति सन्तप्त भइन होला
जस्तो शोक एउटा मनाइरहेछु तिम्रो मृत्युमा।

तिम्रो मृत्यु थिएन शरीरको भौतिक अवशान
न ढल्यौ दुश्मनको निर्दयी गोलीले
सम्साँझै घरभित्रैबाट न तिमी पारिएका हौ
कुनै अनाम प्रदेशतिर गुमनाम
तिमी त लड्दालड्दै युद्धका मोर्चाहरूमा
अनायास हाऱ्यौ आफैभित्रको अदृश्य युद्धको मोर्चामा
सँगसँगै गरेका छौ युद्धको अन्त्यको घोषणा
तिमी पराजित भएका छौ आफैसँग
कसरी चढाऊँ शोकसँगै श्रद्धाञ्जली यतिखेर
मन सोधिरहेछ तिमीलाई
युद्ध सकिएको हो बाहिर या तिमीभित्र ?
इतिहासको गति रोकिएको हो या तिम्रो गति ?
परिवर्तनका पदचापहरू बन्द भएका हुन् या तिम्रा पाइलाहरू ?

सहिद हुन्थ्यौ भने दुश्मनको गोलीले
आँसुसँगै चढाउँथे श्रद्धाञ्जलीका फूलहरू
युद्धमोर्चामा मारिन्थ्यौ भने
या चढाइन्थ्यौ फाँसीको फन्दामा
बिछोडको पीडासँगै शोकलाई शक्तिमा बदल्दै
गर्वले उठाउँथेहुँला दह्रिला मुठी
आफूभित्रकै युद्धमोर्चामा युद्धको अन्त्य घोषणा गर्दा तिमीले
तिम्रो यो मृत्युमा म कस्तो शोक गीत गाउँ ?

### कठिनाई



❑ कार्लमाक्स ❑

कठिनाइबाट मुक्त जीवन
मेरो लागि होइन
होइन, मेरो तुफानी मनलाई यो स्वीकार्य छैन।
मलाई एक महान् उच्च लक्ष्य चाहिन्छ
र, त्यसका लागि जीवनभरको सङ्घर्षको निरन्तरता
ए कला ! तुरुन्त खोल
मानवताको धरोहर
आफ्नो अमूल्य कोर्षको ढोका
मेरो लागि खोल।
आफ्नै प्राज्ञिकता र संवेगको अङ्गालोमा
सम्पूणर् विश्वलाई बाँधौँला म।
आऊ,
हामी कठिन र सुदूर यात्रामा हिडौँ
आऊ किनकि,
निरुद्देश्य र लक्ष्यहीन जीवन
हामीलाई स्वीकार्य छैन
हामीलाई झुँग्दै गरेको कलम घिस्रिएको
उत्पीडन र लाचारीमा बाँच्नु छैन।
हामी आकाङ्क्षा, आक्रोस, आवेग र
अभिमानमा बाँच्नु छ।
असली मानवको जीवन जिउने छौँ।

*अनुवाद : हिरामणि दुःखी*

हार्दिक शुभकामना
शुभ विजया दशमी, दिपावाली तथा छठ २०७८को पावन अवसरमा समस्त नगरवासी तथा वडावासीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभामना व्यक्त गर्दछौं।
जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं
*व्यक्तिगत दर्ता कहाँ गर्ने ?*
जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेदजस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जीकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गरिन्छ।
रामबहादुर कुँवर
(वडाअध्यक्ष)
बनेपा नगरपालिका वडा न. १२ परिवार
बासडोल, काभ्रे

हार्दिक शुभकामना
शुभ विजया दशमी, दिपावाली तथा छठ २०७८को पावन अवसरमा समस्त विद्यालय परिवार तथा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य र उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभामना व्यक्त गर्दछौं।
प्रिन्सिपल
रामप्रसाद तिमल्सिना एवं
आदर्श विद्यामन्दिर (ABM) स्कूल परिवार
बनेपा-११, काभ्रे

यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !
www.moolbato.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
दाउन्नै साप्ताहिक
स्थानीयपत्र साप्ताहिक
छापामार साप्ताहिक
नयाँ कोशी मासिक
दायित्वबोध त्रैमासिक

## दर्शनशास्त्रको...

जन्मिएका हुन् कि यिनलाई जन्माउने कुनै ईश्वर वा अलौकिक शक्ति छ ? प्रकृति र समाजको उत्पत्ति र विकास कसरी भयो ? के प्रकृति र समाजमा कुनै व्यवस्था र नियमसंगति छ ? मानव जीवनका उद्देश्य, आदर्श, कर्तव्य, मूल्य र मान्यता के हुन् ? के मान्छेले प्रकृति र समाजको सत्यपूर्ण ज्ञान प्राप्त गर्न सक्तछ ? के मानिस आफ्नो ज्ञान र व्यनवहारिक क्रियाशीलताका आधारमा प्रकृति र समाजलाई बदल्न समर्थ छ ? यी र यस्तै प्रकारका अनेकौं प्रश्नहरूको सही जबाफ खोज्ने मान्छेको जिज्ञासावृत्तिको उपज र अभिव्यक्ति नै दर्शन हो ।

दर्शन भनेको हेर्नु हो अर्थात् कुनै पनि वस्तुलाई हेर्ने, बुझ्ने, व्याख्या गर्ने र बदल्ने साधनको नाम नै दर्शन हो । एउटा शास्त्रका रूपमा दर्शन शब्दको पहिलो प्रयोगकर्ता युनानी दार्शनिक पाइथागोरस हुन् । उनले दर्शनलाई बुझाउने फिलोसफी (Phliosophy) शब्दको प्रयोग गरेका थिए । फिलोस (प्रेम) र सोफिया (विवेक) जस्ता शब्दको मिलनबाट फिलोसफी बनेको हो, जसको अर्थ विवेक प्रेम हुन्छ ।

प्राचीन भारतमा पनि दर्शन शब्दको प्रयोग हुँदै आएको छ र दर्शन शब्द संस्कृत भाषाको 'दृश्' धातुबाट भएको छ । दृश् को अर्थ हेर्नु , जाँच्नु र बुझ्नु हुन्छ । तार्किक परिक्षणद्वारा सत्य पत्ता लगाउनु दर्शनको विशेषता हो ।

प्राचीन तथा मध्यकाल हुँदै आधुनिक कालसम्म आउँदा दर्शन निकै विकसित एवं परिमार्जित बन्न पुगेको छ । दर्शनको अन्तर्वस्तुको मूल आधार सत्यको खोज रहिआएको छ । दार्शनिक हेगेलका दृष्टिमा दर्शनको विषय सत्यको संज्ञान हो । सर्वहारा वर्गका महान् नेता कार्ल मार्क्सले दर्शनलाई आफ्नो समयको विश्वको बौद्धिक सारतत्व बताउनु भएको छ । विश्व भनेको प्रकृति र समाज हो । फ्रेडरिक एंगेल्सले यश प्रकारको दर्शनलाई विश्व दृष्टिकोण भन्नुभएको छ ।

दर्शन सामाजिक चेतनाको एउटा विशिष्ट रूप हो । वर्ग समाजमा सामाजिक चेतनाको रूप वर्गीय हुन्छ । ठिक यसै कारणले दर्शनको रूप पनि वर्गीय हुन्छ । वर्ग समाजमा हरेक वर्गले आ- आफ्नो विचार, उद्देश्य, मत, संकल्प, भावना एवं क्रियाकलापको औचित्य पुष्टि गर्न जरुरी हुन्छ र दर्शनले ठिक यसै औचित्य पुष्टिको काम गर्दछ । यस अर्थमा हरेक दार्शनिक प्रणालीभित्र मूलतः तीन तत्व पर्दछन् - (१) वर्गीय पक्षधरता, (२) सिद्धान्त र (३) पद्धति । वास्तवमा यिनै तीन तत्वको समग्रताको नाम दर्शन अर्थात् विश्वदृष्टिकोण हो ।

***(२) दर्शनशास्त्रको मौलिक प्रश्न***

चिन्तन र सत्ताको सम्बन्धको प्रश्न दर्शनशास्त्रको मौलिक प्रश्न हो । यस विषयमा एंगेल्सले भन्नुभएको छ , समग्र दर्शनको र विशेषतः नयाँ दर्शनको महान् मौलिक प्रश्न चिन्तन र सत्ताको सम्बन्धको प्रश्न हो । यहाँ चिन्तन र सत्ता जस्ता दुई महत्वपूर्ण शब्दहरूको उल्लेख गरिएको छ, हामीले यी शब्दको वास्तविक अर्थ बुझ्न जरुरी छ ।

यहाँ प्रयोग गरिएको चिन्तन अन्तर्गत संवेदना, अनुभव, इच्छा, संकल्प, भावना, विचार, अवधारणा, सिद्धान्त, दृष्टिकोण जस्ता चेतनाका विविध रूपहरू पर्दछन् ।

सत्ता भनेको अस्तित्व हो, विश्व हो । यस अन्तर्गत प्रकृति र समाज पर्दछ । यस अर्थमा चिन्तन र सत्ताको सम्बन्धको प्रश्न विश्वदृष्टिकोणको प्रश्न बन्न पुग्दछ र यही नै दर्शनशास्त्रको मौलिक प्रश्न हो ।

दर्शनशास्त्रको मौलिक प्रश्नका दुई महत्वपूर्ण पहलुहरू छन् - (१) यस अन्तर्गत चिन्तन र सत्ता बीच प्राथमिकता क्रम निर्धारण गर्ने कुरा आउँछ । आत्मा र प्रकृतिमा प्राथमिक कुन हो ? के ईश्वरले विश्वको सृष्टि गरेको हो या विश्व अनन्तकालदेखि नै अस्तित्वमा छ ? दार्शनिकहरूले यस प्रश्नको जुन उत्तर दिए त्यसले उनीहरूलाई दुई ठूला शिविरहरूमा खडा गरिदियो । जसले प्रकृतिको सट्टामा आत्मलाई प्राथमिकता दिए र आखिरमा उनीहरूले विश्वको सृष्टि ईश्वरले गरेको स्वीकारे, चेतनाको जन्म पहिलो कि पदार्थको जन्म पहिलो भन्ने प्रश्नमा चेतनाले पदार्थलाई जन्म दिएको हो भन्ने र विश्व अज्ञेय छ, विश्व अबोधगम्य छ, जान्ने सकिन्न, बुझ्नै सकिन्न दार्शनिकहरूले यस प्रश्नको जुन उत्तर दिए उनीहरूलाई आदर्शवादको शिविरमा खडा गरिदियो ।

यसको ठिक विपरीत अर्कोथरी जसले प्रकृतिलाई प्राथमिकता दिए, पदार्थको विशिष्ट उपज चेतनाको जन्म भएको हो, विश्व ज्ञेय छ, विश्वलाई जान्न सकिन्छ, बुझ्न सकिन्छ, बोधगम्य छ, यसलाई बदल्न सकिन्छ भन्ने दार्शनिकहरू ती भौतिकवादका विभिन्न शाखाहरूमा सामेल भए । यसरी दार्शनिकहरू आदर्शवाद र भौतिकवाद जस्ता दुई ठूला शिविरमा खडा भए ।

यस अतिरिक्त आदर्शवाद र भौतिकवादको बीचमा समन्वय कायम गर्ने, दुवैलाई समानन्तर रूपले लिने वा तटस्थ रहने तेस्रो धार पनि पाइन्छ ।

यसरी हेर्दा दर्शनशास्त्रको मौलिक प्रश्नको पहिलो पहलुको उल्लेख गर्ने सन्दर्भमा मूलतः तीन प्रवृत्ति पाइन्छन् : आदर्शवाद , भौतिकवाद र बीचका धाराहरू । बीचका धारा अन्तर्गत द्वैतवाद , तटस्थतावाद वा समन्वयवाद आउँछन् ।

दोस्रो पहलु- यस अन्तर्गत चिन्तन र सत्ता बीचको आपसी अन्तरक्रिया उद्घाटित गर्ने कुरा आउँछ । चिन्तन र सत्ताको तादाम्यको यस् प्रश्नमा जसले सकारात्मक उत्तर दिने गर्दछन् ती भौतिकवादी, अज्ञेयवादी र नकारात्मक उत्तर दिनेहरू अज्ञेयवादको श्रेणीमा पर्दछन् । चिन्तन र सत्ताको तादम्यसंग सम्बन्धित प्रश्न विश्व , त्यसको सारतत्व र त्यसका नियमहरूलाई बुझ्ने र तदनुसार विश्वलाई बदल्ने विषयसंग सम्बन्धित प्रश्न हो ।

***(३) दार्शनिक सिद्धान्त : आदर्शवाद र भौतिकवाद***

आदर्शवाद : आदर्शवाद एक यस्तो दार्शनिक सिद्धान्त हो , जसले चेतना , आत्मा , संकल्प , विचार वा ईश्वरलाई प्राथमिक मान्दै त्यसैबाट विश्व , पदार्थ वा प्रकृतिको जन्म भएको हो भन्ने कुरा स्वीकार गर्दछ । विचार, आत्मा वा आदर्श (Ideal) जस्तो अभौतिक तत्वलाई प्राथमिक मानेकोले त्यस सिद्धान्तको नाम आदर्शवाद (Idealism) रहन गएको हो ।

आदर्शवादका पनि दुई हाँगा छन्- वस्तुनिष्ठ आदर्शवाद र व्यक्तिनिष्ट आदर्शवाद । मानिसको आत्मा वा चेतना भन्दा बाहिरको कुनै सामान्य आत्मा, चेतना वा ईश्वरको अस्तित्वलाई प्राथमिक मान्नु वस्तुनिष्ठ आदर्शवाद (Objective Idealism) हो । जुन दर्शनमा व्यक्तिगत आत्मा, मन, संवेदना, संकल्प, अनुभव, विचार आदिलाई प्राथमिकता दिइन्छ त्यसको नाम व्यक्तिनिष्ठ आदर्शवाद (क्गदवभअतष्खभ क्षभबकिक्ष) हो ।

केही यस्ता दार्शनिकहरू छन् जसले चिन्तन र सत्ता, आत्मा र प्रकृति र पदार्थलाई समानान्तर रूपमा प्राथमिक मान्ने , तिनमा समन्वय कायम गर्ने वा आफूलाई तटस्थ देखाउने गर्दछन् , तिनको दार्शनिक सिद्धान्तलाई द्वैतवाद , समन्वयवाद वा तटस्थतावाद भनिन्छ । गौतम बुध्द तटस्थवादी धाराका दार्शनिक हुन् ।

विश्वलाई ज्ञेय अर्थात् बोधगम्य मान्ने चिन्तनको सम्बन्ध भौतिकवाद र अज्ञेयवादको सम्बन्ध आदर्शवादसंग रहेको छ । यद्यपि हेगेलजस्ता आदर्शवादीहरूले विश्वलाई ज्ञेय अर्थात् बोधगम्य मानेर भौतिकवादको नजिक पुगेका थिए । तर तमाम प्रकारका शंकावादी र अज्ञेयवादीहरू विश्वलाई अज्ञेय मान्दछन् । ह्युम र काण्टले विश्वलाई अज्ञेय मान्दछन् । तर तमाम भौतिकवादीहरू, विशेषतः कार्ल मार्क्सद्वारा विश्वलाई बोधगम्य मानिएको छ । संसारलाई ज्ञेय र अज्ञेय मान्ने चिन्तन ज्ञान- सिद्धान्तसँग सम्बन्धित रहेको छ ।

***(४) दर्शनशास्त्रको पद्धति : द्वन्द्ववाद र अधिभूतवाद***

विश्वको विकास प्रक्रिया र त्यसका नियमहरूको अध्ययन गर्ने चिन्तनप्रणालीलाई दर्शनशास्त्रको पद्धति भनिन्छ । दर्शनशास्त्रको पद्धति ज्ञान - सिद्धान्तको प्रश्नसंग अभिन्न रूपमा जोडिएको छ ।दर्शनशास्त्रको इतिहासमा विश्वदृष्टिकोणका दुई आधारभुत पद्धति पनि रहिआएको छन् - ती हुन् द्वन्द्ववाद र अधिभूतवाद ।

द्वन्द्ववाद प्राचीन युनानी दिएलोगो (म्बयिनय) पदावलीकाट विकसित भएको हो । यसको अर्थ हो - बहसको कला ।

त्यस्तै अधिभूतवाद पनि प्राचीन युनानी मेटा - फिजिका (Meta – physica) पदावलीबाट विकसित भएको हो । अधिभूतवादले भौतिकविज्ञानभन्दा पर भन्ने अर्थ बुझाउँछ । दर्शनशास्त्रको विकासको इतिहासमा यी शब्द परिमार्जित बन्दै आएका छन् ।

हामीले द्वन्द्ववादलाई गति तथा परिवर्तन र अधिभूतवादलाई स्थिरताको संवाहक पदावलीको अर्थमा बुझ्न सकिन्छ । द्वन्द्ववाद (Diakectcs) र अधिभूतवाद (Meta – physica) परस्पर विपरीत अर्थ बुझाउने पदावली हुन् । प्राचीन युनान, चीन, भारतमा यी पद्धतिहरू विकसित भएको पाइन्छ ।

मध्ययुगमा आध्यात्मवादका रूपमा अधिभूतवाद प्रभावी बनेर गयो । आधुनिक पुँजीवादी दर्शनमा अधिभूतवाद अन्तर्गत यान्त्रिकतावाद, भड्डँवा विकासवादजस्ता दार्शनिक पद्धति देखा पर्दै आएका छन् । आधुनिक दर्शनको इतिहासमा द्वन्द्ववादको विकास गर्ने श्रेय हेगेल र कार्ल मार्क्सलाई छ । हेगेलको द्वन्द्ववाद आदर्शवादी थियो, तर मार्क्सको द्वन्द्ववाद भौतिकवादी रहेको छ ।

द्वन्द्ववाद र अधिभूतवादले विश्वको बारेमा पुरै विपरीत तस्वीर पेश गर्दछन् । अधिभूतवादले हरेक वस्तु र प्रक्रियालाई स्थिरता, अलगाउ, एकपक्षीयता र परिवर्तनहीनताको अवस्थामा देख्दछ । यसको ठिक उल्टो द्वन्द्ववादले हरेक वस्तु र प्रक्रिया र विश्लाई गति , पारस्परिक अन्तः सम्बन्ध , बहुविधता र परविर्तनको अवस्थामा हेर्दछ । अधिभूतवादले विश्वको गलत तस्बिर पेश गर्दछ । यसको ठिक उल्टो द्वन्द्ववादले विश्वको सही तस्बिर पेश गर्ने काम गर्दछ । मुख्य भिन्नता यिनै हुन् ।

***(५) दार्शनिक पक्षधरताको प्रश्न***

दार्शनिक फाँटमा दर्शनले वर्गसंघर्षमा दृढ पक्षधरताको माग गर्दछ । वर्गसमाजमा विभिन्न वर्गका स्वार्थहरू टक्कराउँदछन् र ती भिन्न विचारहरूका रूपमा प्रतिबिम्ब बन्न पुग्दछन् । ती भिन्न विचारहरूको आधारशिलामा विभिन्न विश्वदृष्टिकोणहरूको निर्माण हुन्छ । दर्शनशास्त्रको इतिहासमा भौतिकवाद र आदर्शवाद तथा द्वन्द्ववाद र अधिभूतवादकाबीच जुन संघर्ष चल्दै आएको छ , त्यो यसै वर्गीय वैचारिक संघर्षको प्रतिबिम्बन हो ।

आजसम्म जुन वर्गसंघर्ष चल्दै आएको छ, दर्शनको वर्गीय पक्षधरतामा आधारित रहेको छ । युरोपमा मध्ययुगको अन्त्यतिर आदर्शवाद र भौतिकवादबीच जुन जुन संघर्ष चल्यो त्यो मरणशील सामन्तवर्ग र उदीयमान पुँजीपतिवर्गमा बीचको वर्गसंघर्षको अभिव्यक्ति थियो ।

आज तमाम प्रकारका आदर्शवाद र द्वन्द्वात्मक भौतिकवादका बीच जुन संघर्ष चलिरहेको छ त्यो तमाम प्रकारका प्रतिक्रियावाद र क्रान्तिकारी जनसमुदाय, साम्राज्यवादमा गिरेको पुँजीपतिवर्ग तथा सर्वहारावर्गबीचको जीवनमरणको वर्गसंघर्षको प्रतिबिम्बन हो ।

दर्शनशास्त्रको मौलिक प्रश्नमा भौतिकवाद र आदर्शवाद बीचको लडाईंमा जसले आफूलाई गैरपक्षधर, तटस्थ वा तेस्रो धारको हिमायती देखाउने गर्दै आएका छन्, वास्तवमा ती मूलतः प्रतिक्रियावादी वर्ग, तिनको वर्गहित विचारधाराकै प्रतिनिधि हुन् ।

कमरेड माओले वर्गसंघर्ष र दर्शनमा प्राथमिक स्थान वर्गसंघर्षकै हुने कुरामाथि विशेष जोड दिनुभएको थियो । कमरेड माओले भन्नुभएको थियो, 'दर्शन त्यतिबेला मात्रै जन्मन्छ जब वर्गसंघर्ष चल्छ । जग वर्गसंघर्ष नै हो । त्यसपछि मात्रै दर्शनको अध्ययनको कुरा आउँछ । कसको दर्शन ? बुर्जुवा कि सर्वहाराको दर्शन ? सर्वहाराको दर्शन मार्क्सवादी दर्शन हो ।'

- माओ त्सेतुङ, माओका दुर्लभ रचनाहरू, पृष्ठ ९१, खोजी प्रकाशन गृह, काठमाडौँ, २०६४

वर्गसमाजमा दर्शनको चरित्र वर्गीय हुन्छ । हरेक दर्शनले आफ्नो वर्गहित , विचार र राजनीतिक उद्देश्यको सेवा गर्दछ । ठिक यसैकारण आजको साम्राज्यवाद र सर्वहारा वर्गबीचको भीषण संघर्षको युगमा मार्क्सवादी ( मालेमावादी ) दर्शनले सर्वहारा वर्ग र पुँजीवादी दर्शनले पुँजीपति वर्गको सेवा गर्ने काम गर्दै आएको छ ।

***(६) दर्शनशास्त्रको विषयवस्तु***

दर्शनशास्त्रको फाँटमा दर्शनशास्त्रको विषयवस्तु भनेको विश्वदृष्टिकोणको विषयवस्तु हो । दर्शनशास्त्रको विषयवस्तु अन्तर्गत दर्शनको विशिष्ट महत्व र परिधिको निर्धारण गरिन्छ । दर्शनको लामो ऐतिहासिक विकास प्रक्रियामा दर्शनको विषयवस्तु धेरै परिमार्जित बन्दै आएको छ र आजको युगमा यसको विशिष्टीकरण हुन गएको छ ।

प्राचीन युनानमा अरस्तुले ज्ञानलाई मूलतः तीन भागमा विभाजित गरेका थिए - अनुभवमूलक ज्ञान, पदार्थविज्ञा र अधिभूतवाद । साथै अरस्तुका भनाइमा अधिभूतवाद, आध्यात्मविज्ञान थियो र त्यसलाई उनले प्रथम दर्शन मान्दथे । उनका दृष्टिमा अधिभूतवाद सत्ताको शास्त्र थियो र जस अन्तर्गत पदार्थ तथा ईश्वरको अध्ययन गरिन्थ्यो । यस अर्थमा दर्शन ज्ञानविज्ञानका सबै शाखाको उच्च ज्ञान वा विज्ञानको विज्ञान बन्न गएको थियो ।

आधुनिक युगसम्म आउँदा ज्ञानविज्ञानका विविध शाखा - प्रशाखाहरूमा ठूलो विकास र प्रगति हुँदै गयो तर दर्शनलाई ज्ञान विज्ञानका सबै शाखाहरूको उच्च ज्ञान वा विज्ञानको विज्ञान मान्ने चलन कायमै रहयो । फायरवाखसम आउँदा पनि विज्ञानको विज्ञान नै मानियो । यो स्थितिमा मार्क्स - एंगेल्सले एकातिर प्रकृति दर्शन तथा इतिहास दर्शनसंग सम्बन्धित ज्ञानविज्ञानका विविध शाखाहरूलाई स्वतन्त्र विज्ञान वा शास्त्रको हैसियत प्रदान गर्नु भयो र अर्कोतिर दर्शनशास्त्रलाई आफ्नै स्वतन्त्र विषयवस्तुले समृद्ध एक विशिष्ट विज्ञानका रूपमा स्थापित गर्नु भयो । मार्क्सले भन्नुभयो , 'हरेक साँचो दर्शन आफ्नो ठोस समयको विश्वको बौद्धिक सारतत्व हो ।'

*- मार्क्स-एंगेल्स, संकलित रचना भाग १, पृष्ठ ११५, प्रगति प्रकाशन, मास्को, १९७५*

मार्क्सकै भनाइअनुसार दर्शन समकालीन विश्वको बौद्धिक सार बन्न जान्छ । यसरी हेर्दा दर्शन वास्तविक विश्वको सत्यको ज्ञान प्राप्त गर्ने विशिष्ट शास्त्र बन्न जान्छ । तसर्थ त्यसपछि दर्शन अरु विशिष्ट प्रणालीहरूका सम्बन्धमा विशिष्ट प्रणाली अर्थात् ज्ञानविज्ञानका सबै शाखाहरूमा प्रभुत्व स्थापित गर्ने प्रणाली नभएर विश्वको सामान्य दर्शन बन्न जान्छ ।

दर्शन भनेको विश्वको सामान्य दर्शन अर्थात् विश्वदृष्टिकोण हो । दर्शनको विषयवस्तु पनि यसै विश्वदृष्टिकोणको अध्ययनमा आधारित रहेको छ । दर्शनको मूल विषयवस्तु दर्शनको मौलिक प्रश्न अर्थात् चिन्तन र सत्ताको सम्बन्धको प्रश्न हो । सत्ताको अर्को अर्थ विश्व हो, विश्व अन्तर्गत प्रकृति र समाज पर्दछ । यसरी हेर्दा प्रकृति, समाज र चिन्तनका सामान्य नियमको अध्ययन नै दर्शनशास्त्रको विषयवस्तु बन्न जान्छ । कुनै पनि दार्शनिक प्रणालीमा मूलतः तीन तत्व हुन्छन् - वर्गीय पक्षधरता, सिद्धान्त र पद्धति । वर्गीय पक्षधरता राजनीतिक विचारधारा, प्रवृत्ति र राज्यसत्तासँग सम्बन्धित रहेको हुन्छ । यो सामन्तवाद, पुँजीवाद, वैज्ञानिक समाजवाद जस्ता विचारप्रणाली, व्यवस्था र प्रवृत्तिसँग गाँसिएको हुन्छ । चिन्तन र सत्ताबीचको सम्बन्धको प्रश्न दर्शन सैद्धान्तिक पक्ष हो । यस अन्तर्गत आदर्शवाद, भौतिकवाद सहितका विविध दार्शनिक प्रवृत्तिहरूको अध्ययन गरिन्छ ।

सत्ता र चिन्तन अर्थात् प्रकृति, समाज तथा चिन्तनको विकास प्रक्रिया र तिनको पारस्परिक सम्बन्धलाई पद्धतिका दृष्टिले पनि अध्ययन गरिन्छ । यो दर्शनको पद्धतिगत अध्ययनको विषय हो । यस अन्तर्गत द्वन्द्ववाद र अधिभूतवाद सहितका विविध पद्धतिहरूको अध्ययन गरिन्छ । दर्शनमा वर्गीय पक्षधरता निश्चित वर्गको राजनीतिक विचारधाराद्वारा निर्देशित रहेको हुन्छ । यस अर्थमा दार्शनिक सिद्धान्त र पद्धतिको निर्माणमा वर्गीय राजनीतिक प्रवृत्तिको भूमिका निर्णायक हुन्छ । मार्क्सवादी मान्यता अनुसार दर्शनको विषयवस्तु पनि ठिक यसै कुरामा आधारित रहेको छ ।

दर्शनको मूल विषयवस्तु त्यसको मौलिक प्रश्न हो । दर्शनको परिधि अर्थात् सीमा त्यसको विषयवस्तुमा आधारित हुन्छ । दर्शनले चिन्चन र सत्ताको सम्बन्धको अध्ययन गर्दछ । दर्शनले प्रकृति समाज र चिन्तनका सामान्य नियमहरूको अध्ययन गर्छ र दर्शन वर्गीय विचारप्रणालीद्वारा निर्धारित हुन्छ ।

ठोस कुरा के हो भने हरेक चीजको मौलिकता , विशिष्ट स्वत्व वा ठोस पहिचान त्यसको आफ्नै विशिष्ट अन्तर्विरोधमा आधारित हुन्छ । ज्ञान विज्ञानका विशिष्ट शाखाहरूको वर्गीकरण र तिनको विशिष्ट सापेक्षता वा स्वायत्तता पनि यसैद्वारा निर्धारित हुन्छ । यस विषयमा कमरेड माओले 'आफ्नै विशिष्ट स्वत्वका रूपमा दर्शनशास्त्रलाई आदर्वाद, भौतिकवाद र द्वन्द्ववादको अध्ययन गर्ने शास्त्र' का रूपमा लिनुभएको छ ।

दर्शनशास्त्र के हो ? भन्ने विषयमा कमरेड माओ अगाडि भन्नु हुन्छ, वर्गसमाजको उदय भएदेखि दुई थरीको ज्ञान देखिएको छ - उत्पादन - संघर्षको ज्ञान र वर्गसंघर्षको ज्ञान । प्राकृतिक विज्ञान र सामाजिक विज्ञान यिनै दुई थरीको ज्ञानको निचोड हुन् र दर्शनशास्त्र चाहिँ प्रकृतिसम्बन्धि ज्ञान र समाजसम्बन्धि ज्ञानको सामान्यीकरण र एकत्रीकरण हो ।

- माओ त्सेतुङ, माओ त्सेतुङका संकलित रचनाहरू, भाग ३, पृष्ठ २१, सिर्जनशील प्रकाशन, अनमनगर, काठमाडौँ २०५७ ।

कमरेड माओका यी भनाइबाट ज्ञानविज्ञानलाई मूलतः तीन भागमा विभाजित गर्न सकिन्छ - प्राकृतिक विज्ञान , सामाजिक विज्ञान र संश्लेषणात्मक ज्ञानको विज्ञान । यी तीन विज्ञानमध्ये दर्शन संश्लेषणात्मक ज्ञानको विज्ञान हो । यसको अर्थ दर्शन प्राकृतिक विज्ञान र सामाजिक विज्ञानबीच समन्वय कायम गर्ने विज्ञान होइन । किनकि दर्शनको आफ्नो स्वतन्त्र मौलिक विषयवस्तु छ , त्यो दर्शनशास्त्रको मौलिक प्रश्न हो , जसले दर्शनशास्त्रलाई अन्य विज्ञानभन्दा स्वायत्त हैसियत प्रदान गर्दछ । यसका साथै दर्शनले विविध प्रकारका विचारहरूलाई एकीकृत गरि अखण्ड विश्वदृष्टिकोण प्रदान गर्दछ ।

तर पुँजीवादी दार्शनिकहरूको ठूलो हिस्सा दर्शनको विशिष्ट स्वत्व , परिधि र वैज्ञानिकताबारे उपयुक्त प्रकारको मार्क्सवादी मान्यतासंग पुरै असमत छन् । यस हिस्सा अन्तर्गत दर्शनशास्त्रको मौलिक प्रश्नसम्बन्धि तेस्रो धारका ती दार्शनिकहरू आउँछन् , जसले दर्शनलाई आदर्शवाद र भौतिकवादमा विभाजन गर्ने मान्यतालाई अधिभूतवादी बताउँदै आफूलाई तटस्थ ,विवादमुक्त र सत्तामीमांसा (Ontology ) विरोधी देखाउने गर्दछन् । यस धाराका प्रवर्तक कोम्टे हुन् उनको दर्शनको नाम प्रत्यक्षवाद हो । उनले भनेका थिए - दर्शन विज्ञानभन्दा अलग्गै कुनै शास्त्र होइन, विज्ञान नै दर्शन हो र दर्शनमा सबै विज्ञानहरूको समन्वय हुन्छ । दर्शनलाई मौलिक प्रश्न, स्वतन्त्र विषयवस्तु र वैज्ञानिक विश्वदृष्टिकोणबाट बञ्चित गर्ने यो प्रवृत्ति माखवाद, नवप्रत्यक्षवाद, नवयथार्थवाद, व्यवहारवाद लगायतका अनेकौं धाराहरूमा देखा पर्दै आएको छ ।

आजको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा आफूलाई उत्तर आधुनिकतावादी भनाउनेहरूले उक्त प्रत्यक्षवादलाई अंगाल्दै त्यसमा विखण्डनवादलाई जोड्दै दर्शनको मौलिक प्रश्न, विषयवस्तु, सैद्धान्तिक स्वरूप र विश्वदृष्टिकोणपरक मान्यतालाई अधिभूतवाद भनी लत्याउँदै दर्शनलाई साहित्यशास्त्र, अलंकारशास्त्र, भाषाशास्त्रमा गिराउने काम गर्दै आएका छन् । यस धाराका मुख्य प्रवर्तक डेरिडा हुन् ।

उपयुक्त सबै कुराहरूमाथि ध्यानदिदा दर्शनलाई मौलिक प्रश्न तथा स्वतन्त्र विषयवस्तुबाट बञ्चित गर्ने , दर्शनलाई स्वतन्त्र विज्ञानका रूपमा अँगिकार गर्न नचाहने र त्यसलाई प्रकृति विज्ञान , भाषा दर्शन एवं अलंकारशास्त्रमा गिराउन चाहने विचारहरू गलत हुन् । दर्शन आफ्नै स्वतन्त्र विषयवस्तु र विशिष्ट स्वत्वलाई लिएर चल्ने विश्वदृष्टिकोणमूलक विज्ञान हो ।

**(७) दर्शनको महत्व**

माथि पनि ठाउँ ठाउँमा भनिएको छ वर्गसमाजमा दर्शनको वर्गीय अर्थ र महत्व हुन्छ । वर्गसमाजमा दर्शनले वर्ग हित र विचारको प्रतिबिम्बन तथा प्रतिनिधित्व गर्दछ । वर्गसमाजमा जुन दर्शन सत्यको सन्निकट र वैज्ञानिक छ , त्यस कुराको टुंगो सम्बन्धित समाजको भौतिक अवस्था र सामाजिक व्यवहारद्वारा लगाइन्छ ।

दर्शनको वास्तविक मूल्य र महत्व कुन कुरामा छ भने त्यसले प्रकृति र समाजको सत्यपूर्ण या भ्रूट तस्बिर पेश गर्दछ । त्यसले हरेक वर्गका मान्छेलाई जुनसुकै रूपमा होस् समस्या बुझ्न र तिनको समाधान प्रस्तुत गर्न मद्दत पुर्याउछ । सबै दर्शन सत्यपूर्ण हुनेछन् भन्ने होइन । यसलाई समाज विकासको सापेक्षतामा हेर्नु पर्छ र सही चिन्तनको विकास पनि ऐतिहासिक विकास प्रक्रियासँगै गाँसिएको हुन्छ । यस परिपेक्ष्यमा हेर्दा आदर्शवाद र अधिभूतवादले संसारको गलत र एकपक्षीय तस्बिर पेश गर्दछन् । तर संसारको सच्चा तथा समग्र तस्बिर प्रस्तुत गर्न द्वन्द्वात्मक भौतिकवादी दर्शन नै समर्थ छ ।

आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । यस युगमा सर्वहारा वर्गको दर्शन अर्थात् मार्क्सवादी दर्शन नै सुसंगत , क्रान्तिकारी र वैज्ञानिक दर्शन हो । यस दर्शनले नै सर्वहारा वर्ग र श्रमिक जनसमुदायलाई दुश्मनका विरुद्धको संघर्ष र मुक्तिको दिशामा, पुरेको ध्वंस र नयाँको निर्माणमा तथा संसारलाई बुझ्न र बदल्न एवं भौतिक वैचारिक र साँस्कृतिक रूपान्तरण गर्दै अघि बढ्नमा राम्रो मद्दत गर्दछ । साथै मार्क्सवादी (मालेमावादी) दर्शनले प्रकृति विज्ञान र समाज विज्ञानका विविध शाखाहरूमा वैज्ञानिक विश्वदृष्टिकोण प्रदान गरेर नियमित र अनुसन्धानमूलक कामका लागि पनि यथेष्ट मद्दत पुऱ्याउँछ ।


*( केसी वरिष्ठ मार्क्सवादी लेखक हुन् ।)*

(जि.प्र.का. काठमाडौं, द.नं. १९४-०७२/०७३ म.क्षे.हु.नं. १२-२ ०७६/०७७) वर्ष ६ अङ्क १८ वर्गदृष्टि साप्ताहिक Bargadristi Weekly

## आलोपालो

# क्रान्तिकारी वर्गसंघर्षको रणनीति र कार्यनीति

***मजदुर वर्गले बनिबनाऊ राज्यसंयन्त्र जस्ताको तस्तै आफ्नो हातमा लिन सक्तैन र उसले आफ्नो उद्देश्य पूरा गर्न त्यसलाई प्रयोग गर्न सक्तैन । सर्वहारावर्गले पुराना राज्यसंयन्त्रलाई चकनाचूर पार्नका लागि हिंसाको प्रयोग गर्नुपर्छ***



● भक्तबहादुर श्रेष्ठ ●

कम्युनिस्ट पार्टीहरूको मुख्य उद्देश्य शोषकवर्गको सत्तालाई विस्थापित गरी क्रान्तिकारी वर्गसङ्घर्षद्वारा सर्वहारा वर्गको राज्यसत्ता स्थापना गर्नु हो । वर्गसङ्घर्षको उच्चतम अविव्यक्ति सशस्त्र सङ्घर्ष हो । लेनिन भन्छन् : 'राज्यशक्तिमाथि अधिकार प्राप्त गर्नु नै क्रान्तिको मूल प्रश्न हो ।' त्यसैले बल प्रयोगको सिद्धान्तलाई आधार बनाएर क्रान्तिकारीहरूले रणनीति बनाउँछन् । बर्न्सटिनदेखि आजसम्मका संशोधनवादीहरूले क्रान्तिकारीहरू र क्रान्तिकारी युद्धहरूमाथि प्रहार गर्दै जनता भड्काउने काम गर्न मुख्य जोड लगाएका छन् । त्यसैले यसप्रति 'जनतामा कठिनाइ हुने', 'कार्यकर्ताहरूलाई निरास पारेको', 'उत्पादकशक्तिहरूलाई बर्बाद पार्ने', 'उग्रवामपन्थी लाइन', 'दक्षिणपन्थीमा पतन हुन्छ' जस्ता विष बमन गर्नेगर्छन् । उनीहरूका दृष्टिमा प्रतिक्रियावादीहरूद्वारा जनताको हत्या गरेको सही हो र क्रान्तिकारी जनताद्वारा हतियार उठाएर प्रतिरोध गर्नु चाहिँ अपराध हो ।

यस्तो विरोध गर्नुको उद्देश्य संसदीय घेराभन्दा बाहिर जान नसक्ने सुधारवादी चिन्तन हो । क्रान्तिकारीहरू तथा सुधारवादी तथा संशोधनवादीहरूका बीच सङ्घर्ष मार्क्सवादको जन्मकालदेखि नै हुँदै आएको छ । यस्ताहरूलाई जवाफ दिँदै लेनिनले भनेका छन् : 'पुँजीपति वर्गको राज्यसत्ताको ठाउँमा, सर्वहारा राज्यसत्ता (सर्वहारा अधिनायकत्व) ओइलाएको ढङ्गले लिन सकिँदैन, आम नियमअनुसार यो हिंसात्मक क्रान्तिद्वारा मात्र लिन सकिन्छ ।' फ्रान्सको पेरिस कम्युन मजदुर वर्गले सशस्त्र भएर पुँजीवादको सत्ता पल्टाएको पहिलो घटना थियो । त्यो चाहे क्षणिकको लागि मात्र किन नहोस्, मार्क्सले त्यसलाई : 'गौरववमय आन्दोलन, मानव जातिलाई वर्गशासनबाट हमेसा मुक्त गर्ने, महान् सामाजिक क्रान्तिको बिहानी, कम्युनलाई नष्ट गरियो भने पनि त्यसबेला सङ्घर्ष केवल स्थगित हुन्छ । कम्युनको सिद्धान्त शाश्वत छ, जबसम्म मजदुरवर्ग मुक्त हुँदैन, तबसम्म यो सिद्धान्त बारम्बार प्रकट भइरहन्छ । मजदुर वर्गले बनिबनाऊ राज्यसंयन्त्र जस्ताको तस्तै आफ्नो हातमा लिन सक्तैन र उसले आफ्नो उद्देश्य पूरा गर्न त्यसलाई प्रयोग गर्न सक्तैन । सर्वहारावर्गले पुराना राज्यसंयन्त्रलाई चकनाचूर पार्नका लागि हिंसाको प्रयोग गर्नुपर्छ । सर्वहारा अधिनायकत्वको पहिलो अङ्ग सेना हो, मजदुर वर्गले आफ्नो मुक्तिको अधिकार युद्ध भूमिका प्राप्त गर्नुपर्छ' भनेका थिए । मार्क्सका माथिका भनाइहरू, पछिका घटनाहरूले साबित गरेका छन् । त्यसैले सशस्त्र सङ्घर्ष र सैनिक रणनीति मजदुरवर्गले गर्ने क्रान्तिको लागि अनिवार्य छ भनेर सिद्ध गर्दछ ।

चुनावमा भाग लिएर सरकार बनाएका कम्युनिस्टहरूले 'सर्वहारा अधिनायकत्व' लागू गर्न सकेको इतिहास छैन । प्रतिक्रियावादीहरूको स्वार्थअनुकूलको काम गरे मात्र त्यो सरकार टिक्छ, नत्र उसले बलप्रयोगद्वारा त्यसलाई विघटन गरिदिन्छ । त्यसैले सशस्त्र सङ्घर्षको बाटो नअँगाली संसदीय चुनावलाई नै रणनीति र कार्यनीति बनाउनेहरू भ्रष्ट भएर जान्छन् । प्रतिक्रियावादी वर्गले संसदीय चुनावको माध्यमद्वारा कम्युनिस्ट पार्टीलाई खरिद गर्छ र उसलाई पुँजीपति पार्टीमा बदल्छ ।

सर्वहारा वर्ग र सशस्त्र सङ्घर्षको फौजी रणनीति र कार्यनीतिको महत्वमाथि बल दिँदै एङ्गेल्सले भनेका छन् : 'पेरिस कम्युनमा यदि पुँजीपति वर्गको विरोधमा सशस्त्र जनताले आफ्नो प्राधिकारको प्रयोग नगरेको भए के त्यो एक दिन पनि टिक्न सक्थ्यो ?' पेरिस कम्युनमा मार्क्सवादीहरूको होइन, प्रुँधो र ब्लाङ्कीवादीहरूको प्रभाव थियो मार्क्सले पहिले त्यसो गर्नुहुन्न, अझै केही समय पर्खनुपर्छ भनेर अभिमत जाहेर गरे पनि मजदुर वर्गले हतियार उठाएको कुराको महत्वमा जोड दिँदै मार्क्सले पेरिस कम्युनको दशौँ जयन्तीको अवसरमा जोसका साथ भनेका थिए : 'कम्युन, जुन पुरानो दुनियाँका बाँकी २ पेजमा

प्रकृति सकिए जीवन सिद्धिन्छ । त्यसैले प्राकृतिक सम्पदाको अतिक्रमण र दोहन नगरौं। वनजङ्गल, नदीनाला, पहाडपर्वत, जडिबुटी, जीवजन्तु र जैविक विविधताको संरक्षण गरौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

विज्ञापन बोर्ड







**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।